www.csrcnepal.org

# भूमि अधिकार

वर्ष १५| पूर्णाङ्क ४७ |कात्तिक २०७४




- किसान को हुन् ?
- कमलु सदा, इयान कुर्दी र भुइयाँ
- गरिबी निवारणका सूत्र
- नगरले बनायो कृषि रणनीति

# भूमि अधिकार

वर्ष १५ | पूर्णाङ्क ४७ | कात्तिक २०७४




सरोकारवालासँग सम्वाद | २८

- कमलु सदा, इयान कुर्दी र भुइयाँ ५
- यात्रा : फिलिपिन्सको ७
- भुइँमान्छेबारे लेखिएको अग्लो किताब ९
- किसान र भूमिको सम्बन्ध ११
- किसान को हुन् ? १३
- बेवारिसे कृषि र निकम्मा नेतृत्व १६
- इन्डोनेसियामा जनतालाई जग्गा वितरण १७
- यी हुन् गरिबी निवारणका सूत्र १८
- आत्मनिर्भर केन्द्रको दसौं सामाजिक लेखाजोखा २१
- पुनर्निर्माण अभियानसम्बन्धी तालिम २५
- भेलहीका ४५७ ले पुर्जा लिए २६
- भूमि सुधार तथा व्यवस्था मन्त्रीसँग अन्तर्क्रिया २७
- संयुक्त पुर्जा बनाउने थपिए ३०
- नगरले बनायो कृषि रणनीति ३१
- केस स्टडी ३२
- बग्दै-बग्दै जाने छोरासँग ३३

**प्रकाशक :**

CSRC आत्मनिर्भर केन्द्र

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, टोखा-१०, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३६०४८६, फ्याक्स : ९७७-१-४३५७०३३
इमेल : landrights@csrcnepal.org, वे भसाइट : www.csrcnepal.org

**लेआउट डिजाइन :** मिडिया क्याफे प्रालि, अनामनगर

**सम्पादक :** रघु लामिछाने

**कभर फोटो :** राष्ट्रिय भूमि अधिकार मञ्चद्वारा प्रदेशस्तरीय भूमि तथा कृषि अधिकार सुनिश्चितताका लागि धनगढीमा आयोजित र्‍याली ।

# उम्मेदवारलाई सोधौँ

मुलुकमा स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ। यो निर्वाचनबाट भूमि समस्या बुझेका कति चुनिए वा यो समस्या समाधान गर्ने इच्छाशक्ति भएका कति निर्वाचित भए भन्ने उनीहरूले गर्दै जाने कार्यले अवश्य बताउनेछ। तर यतिबेलाको ध्यान भने योभन्दा पनि बाँकी दुईवटा चुनाव (केन्द्र र प्रदेशको) तर्फ मोड्नु आवश्यक छ। जुन भूमि अधिकारबाट वञ्चितका समस्या समाधानका लागि गतिलो माध्यम बन्न सक्छ।

यो चुनावका लागि मनोनयन दर्तादेखि चुनावका अन्य प्रक्रियामा प्रवेश गर्ने कामसमेत सुरु भइसकेको छ। उम्मेदवार निश्चित भइसकेकाले उनीहरू आफू संलग्न दल तथा स्वतन्त्ररूपमा मत माग्न मतदाताको दैलोदैलोमा पुग्ने क्रम पनि जारी छ। उनीहरूले यस क्रममा मतमात्र माग्ने छैनन्, जनताका समस्या के हुन् भनेर सोध्ने पनि छन् अनि त्यो पूरा गर्छु भनेर प्रतिबद्धता पनि जनाउने छन्। सर्वसाधारण अझ खासगरी भूमि अधिकारबाट वञ्चितहरू सतर्क हुनुपर्ने यतिबेलै हो।

जसले भूमि अधिकारबाट वञ्चितका समस्या समाधान गर्छु भन्छ उसले वा ऊ आबद्ध दलले विगतमा गरेका यस्तै प्रतिबद्धता कति पूरा भए भनेर सोधखोज गर्ने उचित अवसर पनि हो यो। अनि उसले गरेका प्रतिबद्धता आगामी दिनमा पूरा हुन्छ नै भनेर आश्वस्त तुल्याउने आधार सोध्ने बेला पनि यही हो। जब ऊ सार्वभौम हामीसँग भएको मत माग्न आउन हुन्छ भने हामीले पनि सामूहिक सरोकारको विषयबारे जानकारी माग्न जत्ति पनि पाइन्छ। यसमा कुनै हिच्किचाहटको आवश्यकता नै छैन। सवाल यत्ति हो, हामी अघिल्ला चुनावमा उनीहरूले व्यक्त गरेका प्रतिबद्धता वा उनीहरूको घोषणापत्रमा उल्लिखित बुँदासहित उपस्थित हुन्छौँ कि हुन्नौँ भन्नेमात्र। नत्र हल्का भइने सम्भावना पनि उत्तिकै रहन्छ।

भूमिहीनका सवाल नअटेको कुनै दलको घोषणापत्र थिएन विगतमा। तर धेरै दलले सत्तामा पुगेपछि आफ्नो घोषणापत्रको पोको खोलेरसमेत हेरेनन्। उनीहरूले भूमिपीडितका पक्षमा सिन्कोसमेत नभाँच्नुले पनि यो पुस्टि हुन्छ। हद्द गरे भूमि सुधार आयोग बनाउने र आफ्ना केही कार्यकर्तालाई केही समय जागिर सुनिश्चित गर्नेबाहेक उनीहरूबाट थप केही भएन। यदि साँच्चै गर्ने इच्छाशक्ति नै छ भने प्रतिवेदन आवश्यक पर्दैन, जत्ति पनि तयार छन्, मन्त्रालयका दराज भरिन लागिसके। त्यसैले एउटा दलले अर्को दलको प्रतिवेदनसमेत स्वीकार नगर्ने अवस्थाले प्रमाणित गर्छ कि दलका नेता भूमि अधिकारको सवाललाई गम्भीररूपमा लिइरहेका छैनन् र लिन आवश्यक पनि ठानिरहेका छैनन्। यो कुनै आरोप हैन, उनीहरूको व्यवहार नै यही बोलिरहेको छ।

त्यसैले चुनावका बेला मत माग्न आउने उम्मेदवारसँग राम्रैसँग यो सवालमा अन्तरक्रिया गर्नुपर्ने बेला आइसकेको छ। आफू बसेको जमिनको पुर्जा दिलाइदेऊ भनेर सङ्घर्ष गर्नुपर्ने कहिलेसम्म ? कति पुस्ताले सङ्घर्ष गरेपछि बल्ल आफूले पुस्तौँदेखि पसिना बगाउँदै आएको जमिनमा स्वामित्व पाइने हो ? कानुनले नै सुनिश्चित गरेको मोहियानी हक दिलाउन पनि किन कन्जुस्याइँ गर्छन् सरकारी पदाधिकारी नै ?अन्न नै नखाने देवी/देवतालाई खुवाउने नाममा अन्नकै भरमा बाँच्ने प्राणीलाई भोकभोकै तड्पाउने कुरीति कहिले अन्त्य हुन्छ ? अब हाम्रा आँगनमा झण्डा फहराउँदै नारा लगाउनेसँग सोध्न नभुलौँ यी प्रश्नका उत्तर। अनि प्रतिबद्धता व्यक्त गर्न लगाउने र उक्त काम हुन्छ भन्ने आधारहरू माग गर्न पनि पछि पर्नु हुँदैन।

दलहरूले भूमिसम्बन्धी समस्यालाई दिएका प्राथमिकता र त्यसप्रतिको गम्भीरता नै भूमि अधिकारका लागि लामो लडाइँ लडिरहेकाहरूले मतदान गर्ने आधार हुनुपर्छ। अनि विगतमा यसबारे उनीहरूले गरेका काम तथा भविष्यको सङ्केतलाई पनि हेर्नुपर्छ। 'दिनको सङ्केत बिहानीले गर्छ' भनेझैँ कुन दलले भूमिपीडितका समस्या समाधान गर्ला भन्ने अनुमान उनीहरूको विगत र वर्तमान क्रियाकलापको मन्थनबाट सहजै आकलन गर्न सकिन्छ जसलाई हामीले मतदानको गतिलो आधार बनाउन सक्छौँ। यति भयो भने हामीले विश्वास गरेका मानिस चुनिने छन्, तिनले विश्वासघात गरेनन् भने बल्ल हामीले वर्षौँदेखि/पुस्तौँदेखि उठाउँदै आएका समस्या समाधानोन्मुख हुने अपेक्षा गर्न सकिन्छ।



झलक सुवेदी

# कमलु सदा, इयान कुर्दी र भुइयाँ

कमलु सदा विश्वभर चर्चामा छन् । साउन अन्तिम साता आएको बाढी र डुबानका समयमा जलमग्न आफ्नो बस्तीमा उनले आफू गाडिने तीन फिट जमिन पनि पाएनन् । आफ्नो नाममा कुनै माटो नभएका परिवारले उनलाई सत्गत गर्न ओभानो जमिन पनि नपाएपछि, कसैले उनलाई माटोमा गाडिने व्यवस्थाका लागि सहयोग नगरेपछि, यो सारा सभ्य समाज, यो राज्य, यी संस्था, यो लोकतन्त्र र मानव अधिकारका फगत डकुमेन्ट्सप्रति व्यङ्ग्य गर्दै कमलु सदाको लास कोसीको भेलमा बगिरहेको दृश्य 'भाइरल' बनेर फैलियो । यसले २ सेप्टेम्बर २०१५ मा स्पेनको समुद्री तटमा मरेपछि छालले किनारमा धकेलेर घोप्टो परेको अवस्थामा भेटिएको तीन वर्षे सिरियाली शरणार्थी बालक इयान कुर्दीको लासको झल्को दिन्थ्यो । इयान कुर्दी पुँजीवादी विश्वकीकरणको चेपमा परेर गृहयुद्ध सल्केको सिरियामा शान्तसँग बस्ने जमिन नपाएर भाग्दै गरेका हजारौँ शरणार्थीका दुःखका प्रतीक थिए । कमलु सदा सामन्तवादले हुर्काएको र पुँजीवाद र भ्रष्ट राजनीतिले मलजल गरेर स्याहारेको सीमान्तीकरणको सिकार भएका नेपालका लाखौँ दलित र भूमिहीनका दुःखका प्रतीक हुन् ।

> गरिब या सीमान्तकृत वर्गका मान्छेको खोजी पपुलर बौद्धिक विमर्शका फोरममा पनि हुन थालेको छ

विवश पोखरेलको कविताले कमलु सदाका नियतिमाथि, कमलु सदाकी शोकाकुल आमाका विवशता र बाबुका सुस्केरामाथि शक्तिशाली न्याय गरेको छ तथा नेपाली राज्य र यसका सञ्चालकको अपराधमाथि गम्भीर प्रहार गरेको छ । आजको नेपाली कवितामा कमजोर वर्गका पक्षमा यो कविताले जति शक्तिशाली हस्तक्षेप गरेको कमै देख्न पाइन्छ । कमलुको कोसीमा बग्दै गरेको लासले नेपालमा आफ्नो माटो नहुनेका दुःख भन्छ । र, यसले दलित, सुकुमबासी, हरूवा-चरुवा, हलिया, पहिरोपीडित र विकास पीडित भूमिहीनबारे घोत्लिन बाध्य पार्छ । यता बजारमा यही साता आएको यज्ञशको गैरआख्यान पुस्तक भुइयाँले यी सीमान्तकृत भूमिहीनका सङ्घर्षका अनेक कथामार्फत माटोमाथिको साझा अधिकारका पक्षमा आवाज उठाएको छ ।

एउटा समय गुज्रेपछि मान्छेको सोचाइले पनि कोल्टो फेर्छ । देखिरहेका कुरा पुराना लागेपछि मान्छे भ्रमणमा नयाँ ठाउँमा जान रुचाउँछ । सहरमा अहिले बौद्धिक विमर्शमा पनि एउटा नयाँ पालुवा पलाउन खोज्दैछ । पहिले राजनीतिकर्मीले गर्ने या गैससले आफ्नो 'कन्स्टिच्युएन्सी' बनाउन दलित र गरिबका कुरा गर्थे । केही समाजशास्त्री आफ्ना खाइजीविकाको स्रोतका लागि गरिबका बस्तीमा पुग्थे, तिनले केही लेखिहाले भने पनि त्यो जर्नल या विश्वविद्यालयको घेरा या सेमिनार र बढीमा अङ्ग्रेजीका पाठकका लागि पुस्तकका रूपमा आउँथ्यो । अहिले गरिब या सीमान्तकृत वर्गका मान्छेको खोजी पपुलर बौद्धिक विमर्शका फोरममा पनि हुन थालेको छ । अवश्य आम सामाजिक मनोविज्ञानजस्तै बौद्धिक चेतना र शोधको पनि वर्ग पक्षधरता हुन्छ । आफ्नो पुस्तक विमोचनका बेला बोल्दा यज्ञश भन्दै थिए- हाम्रो बौद्धिक बहस र पत्रकारितामा मध्यम वर्गका कुरा र चिन्तन हाबी भए । सीमान्तीकरणमा परेका तल्लो वर्गप्रति पनि ध्यान दिनु जरुरी भइसकेको छ । केही महिना पहिले पत्रकार जनक सापकोटा वैदेशिक रोजगारीमा जाने र तिनका आश्रित परिवारका अनेक हन्डरबारे कहर लिएर आएका थिए । अहिले पत्रकार यज्ञश भुइँमान्छेको अर्को शक्तिशाली कथ्य लिएर आएका छन् : भुइयाँ ।

## उभिने जमिनका लागि

जसरी कमलु सदाले गाडिने तीन फिट जमिन पनि पाएनन्, इयान कुर्दीले मर्नका लागि पनि जमिन नपाएर समुद्रमा मरेपछि छालबाट हुत्तिएर किनारमा धकेलिनुपऱ्यो । त्यसरी नै भुइयाँ या जमिन आफ्नो नाममा नभएर, कतै ढुक्कले छानो हालेर बास बस्ने जमिनको टुक्रो नभएर, दश नङ्ग्रा खियाएर खाने माटो नभएर यही देशमा शरणार्थी बनाइएका लाखौँ मानिस छन्, कमलु सदाका आमा/बाबुजस्तै । विवश पोखरेलको कविताले भनेको जस्तै ।

तर यता तिनीहरू केबल भाग्यलाई सरापेर या पुर्पुरोमा हात लगाएर आत्महत्या मात्र गर्दैनन् । देश भनिने कुनै अवधारणाले, आफैँमाथि शासन गर्ने हक खोसेर लिएको राज्य भन्ने कुनै अवधारणाले, परम्पराका नाममा, जातका नाममा, लिङ्गका नाममा स्रोत मुठ्याएर बसेकाहरूले सिर्जना गरेको संरचनागत थिचोमिचोले पेलिएर निसास्सिएकाहरू पनि सङ्घर्षमा उठ्दै गरेका छन् । कहिले राजनीतिक दलले आशा देखाएर उनीहरूलाई उठाएका छन् र बीच धारमा लगेपछि छाडेका छन् । कहिले विभिन्न गैरसरकारी संस्थाले पनि आशा जगाएका छन् । केहीले आफ्ना लागि विकल्प साँघुरिँदै गएपछि सङ्गठित भएर प्रतिरोध गरेका छन् ।

> आफ्नै जमिनमा बास भए यो जीवन कति सार्थक हुन्थ्यो

यसरी नै सङ्घर्षमा सामेल भएका महिला (चुके चौधरी र बलदेव रामबाहेक) जिजीविषाका कथा यज्ञशले यसमा उनेका छन् । जो-जो पात्रमार्फत लेखकले यसमा कथा भनेका छन्, तिनले भूमिहीनताको मात्र प्रतिनिधित्व पनि गर्दैनन् । मुस्लिम, मुसहर, वादी, तामाङजस्ता सीमान्तीकरणमा परेका समुदायको पनि प्रतिनिधित्व गर्छन् । कमलरी बनाइएकी, आफ्नै पतिबाट बेचिएकी, आफ्नै बिरादरीका महिला र पुरुषबाट चौतारीमा नाङ्गै पारिएकी पार्वती डगौरा र यिनका दुःखमा साथ दिन आइपुगेको कमैया चुकेका कथा छन् । आफ्नो अधिकार खोज्न अधियाँमा कमाएको धान तिरो तिरेको रसिद नलिई दिन्न भन्दा वर्षौंदेखि जमिनदारको भाग धान भकारीमा राखेर पर्खेकी तर सबै राज्यका संयन्त्र र राजनीतिक शक्तिको दमनमा परेकाले खेतबाटै बेदखलमा परेकी सलमा बेहेनाले भूमि अधिकारका लागि गरेका सङ्घर्षका कथा पनि छन् ।

पार्वती बिक र पुतली तामाङ, पार्वती राजीले आफ्नै जमिनमा बास भए यो जीवन कति सार्थक हुन्थ्यो भनेर कल्पेका र गरेका सङ्घर्षका कथा । सीमान्तीकरणमा परेर हेपिएका मुसहर महिलाले विद्यालयमा भइरहेको ठगीविरुद्ध गरेका सङ्घर्ष या चन्द्रेश्वरी सदाले आफ्नै कुलदेवता राख्ने स्थान खोज्दै सार्वजनिक जमिन ओगटेर स्थानीय भूमिपतिसँग पौंठेजोरी खेल्दै गरेको सङ्घर्षको कथा । यस्तै कथा छन् पुस्तकमा । कसरी नेपालका राजनीतिक दलले, खासगरी वामपन्थी भनिने दलले आशा र सपना देखाएर यी साधारण मानिसलाई ठगे र अपमान गरे भन्ने विस्तारको चर्चा यो पुस्तकमा भएको एउटा भव्य कथ्य हो । यसलाई एमाले र माओवादी पार्टीका बडेबडे क्रान्तिकारीले पनि पढे हुन्छ, तिनको क्रान्तिले कसका लागि काम गरेको थियो भन्ने जान्नका लागि ।

एउटा विडम्बना या संयोग, पुस्तकमा बलदेव रामको प्रसङ्ग छ । उनका आक्रोश र प्रश्नले केही पेज स्थान पाएका छन् । लेखकले बलदेव अझै आफ्नो आक्रोश पोख्दै होलान् भन्ने कामना गरेका छन् । तर, पुस्तक विमोचन भएको ठीक एक महिनाअघि बलदेव रामको मृत्यु भयो । उनका प्रश्न भने अझै यो धर्तीमा गुञ्जिरहेका छन् । उनको आक्रोशको आगो अझै बलिरहेको छ । उनले आफू र लेखकबीचको दूरी, भिन्न जात र समुदायबीचको दूरीबारे लेखकसँग प्रश्न गरेका छन्-ए सर मभित्र के होला ? जसले मलाई रिसाहा बनाउँछ ? यतिका वर्षसम्म मैले भोगेका कुरा तपाईँले भोग्नुभएको छ ? अर्काको घरको मरेको भैँसीको मासु सात दिनपछि ल्याएर खानुभएको छ ? खान्नँ भन्दाभन्दै जबर्जस्ती कसैले तपाईँको मुखमा हालिदिएको छ ? हामीले रिसाउन पनि नपाउने ? हामीलाई के दिएको छ र हामी खुसी हुने ? गरिबले सजिलै पाउने पीडामात्रै हो । पीडा धेरै भएपछि आक्रोश जन्मिन्छ ।

## फेब्रिकेसन

यज्ञशको पुस्तकका कथा नेपाली आम मान्छेका कथा हुन् । आममान्छे मतदाता हुन सक्छ, अरूका लागि काम गरिदिने र यो सामाजको वैभवतालाई सहयोग गरिदिने श्रमिक हुन सक्छ । तर अरूजस्तै मान्छे बन्न पाउँदैन, नागरिक बन्न पाउँदैन । अहिलेसम्मको न्याय विधान यही हो । यसलाई यज्ञशले राम्रोसँग उतारेका छन् । न्यारेसन (कथा) को एउटै समस्या छ । कतिपय कथामा लेखकले 'भिजुअल इफेक्ट' सिर्जना गर्न निकै मेहनत गरेका छन् । कहिलेकाहीँ त यस्तो भिजुअल इफेक्टले मूल कथालाई छायाँमा पार्न खोजेको देखिन्छ । एक्लो ढुकुरको कथा या नेपालगन्जका चोक र होटेल,

गुलरियाको एउटा चिया पसलमा टाँसिएको कमल थापाको पोस्टर अथवा बूढासुब्बाको चित्रण यस्तै फेब्रिकेसनको सिकार भएर लेखिएझैं लाग्छन् । शायद सानैदेखि सिनेमाको लत लागेका यज्ञशलाई 'सबकन्सस माइन्ड'ले यता निर्देशित गरेको हुन सक्छ । यज्ञशले आउने दिनमा यस्ता थप सिर्जना ल्याउने आशा गरौँ र यस्ता रिपोर्ताजमा 'मेन स्टोरी'लाई 'स्याडो'मा पार्ने गरी उपकथा नथप्न उनले ध्यान दिनेछन् भनेर विश्वास गरौँ ।

पुस्तकको अन्तिम अनुच्छेद आवश्यक थिएन । 'दि सेकेन्ड लास्ट प्याराग्राफ'ले मलाई चर्चित भारतीय चलचित्र निर्देशक श्याम बेनेगलको सिनेमा अङ्कुरको आखिरी दृश्यको सम्झना दिलाए । सिनेमाको अन्तमा जमिनदार सूर्या (अनन्त नाग) ले बहिरो र बोल्न नसक्ने किस्तया (साधु मेहर) लाई कुटेर थिलथिलो पारेपछि उसकी पत्नी लक्ष्मी (सवाना आजमी) ले लिएर जाँदै गर्दा एउटा दश-बाह्र वर्षको बालक दृश्यमा आउँछ र सूर्याको घरको सिसाको झ्यालमा ढुङ्गा प्रहार गरेर भाग्छ । यो प्रहारलाई क्रान्तिको टुसा पलाएको अर्थमा आरोपित गरेर बेनेगलले एउटा सन्देश दिन खोजेका छन् । यता हाम्रा लेखक भन्छन्- 'मान्छेका कति पुस्ता आक्रोशको आगोमा जलेका छन्, कति पीडाको नदीमा बगेका छन् र कति करुणासँगै जमेका छन् । पानी पनि जम्यो भने हिउँको चट्टान बन्छ । चट्टानहरू एकत्रित भए भने सत्तामाथि प्रहार गरिने ढुङ्गा बन्छन् । त्यसले फेरि कति पुस्तापछि जन्माउँछ आगो ? आक्रोशको आगो ।' यो पुस्तकमा समेटिएका सबै कथा यस्तै सिनेमा बनाउन योग्य छन् ।

यति लेखेपछि पछिल्लो प्याराग्राफ थपेर लेखक अचानक राजनीतिक आग्रह छोप्न नसक्ने अखबारको डेस्क सम्पादकमा बदलिन्छ र नराम्रोसँग फस्छ । जुन अरू अध्यायमा पनि ठाउँ कुठाउँ आएको छ ।

जो-जो नेपालको राजनीतिलाई र बेला-बेला हुने अनेकखाले आन्दोलनलाई चिन्न चाहन्छन्, जो नेपाली समाजबारे स्कुल र कलेजमा पढाइएका पाठ र संरचनागतरूपमा राज्यले निर्माण गरेको वैचारिक वर्चस्वभन्दा भिन्न ढङ्गले बुझ्न चाहन्छन्, तिनले यो पुस्तकबाट अवश्य केही खुराक पाउनेछन् । त्यसपछि कमलु सदाको तस्बिर बल्ल असामान्य लाग्नेछ । हाम्रो राजनीति, अर्थतन्त्र र समाज व्यवस्थामा अझै प्रहार नपुगेको थाहा हुनेछ । ●

*(भदौ २२, २०७४ नयाँ पत्रिका)*



सरस्वती कटवाल

# यात्रा : फिलिपिन्सको

मेरो जीवनमा पहिलो पटक भूमि अधिकार अभियानमा सङ्लग्न भएपछि विदेश भ्रमणको अवसर मिलेको थियो । ५-९ सेप्टेम्बर, २०१६ मा फिलिपिन्सको मनिलामा भएको एङ्गकको कार्यक्रममा सहभागी भइयो । भूमि अधिकार अभियानमा क्रियाशील भएयता देशको विभिन्न ठाउँमा पुगेर अभियानको लागि विभिन्न विषयहरू सिक्ने अवसर मिलेको भएतापनि नेपाली भूमिभन्दा बाहिरको कार्यक्रममा गई अभियान सम्बन्धि विषयमा सिक्ने यो अवसर मेरो लागि थप महत्वपूर्ण बन्न पुगेको छ । यसले मलाई थप हौसला पनि मिलेको छ ।

पहिलो पटक घरदेखिको यात्रा । र पहिलो अवसर पनि । मनमा हौसलासँगै सिक्न तिव्र इच्छाको कारण पनि यात्रालाई सहज बनाएको थियो । कार्यक्रममा आत्मनिर्भर केन्द्रका संस्थागत विकास सल्लाहाकार जगत बस्नेत र राष्ट्रिय भूमि अधिकार मञ्चका पूर्व अध्यक्ष एवम् संरक्षक सोमप्रसाद भण्डारी, नेपाल सरकार भूमि सुधार मन्त्रालयका सहसचिव गोपाल गिरी र म सहभागी भएका थियौं । साथै उक्त कार्यक्रममा अन्य थप ३ जना नेपालीहरू पनि सहभागी भएका थिए ।

सेप्टेम्बर ४ का दिन बिहान ६:३० बजे मलेसियाको क्वालालम्पूरमा पुगेपछि १ घण्टाको ट्रान्जिट थियो ।

**फिलिपिन्सले सन् १९८० देखि नै भूमि अधिकारको क्षेत्रमा अभियान थालेको रहेछ । त्यहाँ पनि साङ्गठानिक संरचना नेपालमा जस्तै समुदायदेखि केन्द्रीय तहसम्म रहेछ । त्यहाँ पनि भूमि र प्राकृतिक स्रोतसम्बन्धि नीतिगत क्षेत्रमा काम गरिएको रहेछ ।**

त्यसपछि अर्को उडानबाट बिहान १०:३० बजे फिलिपिन्सको राजधानी मनिलामा पुगेका थियौं । त्यहाँ हामी आयोजक संस्था एङ्गकले व्यवस्थापन गरेको मलायन होटलमा बसेका थियौं । होटलमा साथि थिइन् भारतकी सस्वती रोय । उनी भारतीय संस्था स्वाधिनाको सचिव रहीछिन्, त्यहीँ संस्थाको प्रतिनिधित्व गरेर कार्यक्रममा सहभागी हुन गएकी रहेछिन् । ५ दिनसम्म हामीसँगै बस्यौं, खुब रमाइलो साथी रहेछिन् ।

कार्यक्रमको पहिलो दिन ५ सेप्टेम्बरमा मनिलाको होटल क्राउन प्लाजामा कार्यक्रमको उद्घाटन भएको थियो । कार्यक्रममा फिलिपिन्स, इन्डोनेसिया, इन्डिया, नेपाल, रोम, मंगोलिया, काजकिस्तान, किर्कीस्तानलगायत देशका प्रतिनिधिहरू सहभागिता रहेको थियो । कार्यक्रममा सबै देशबाट प्रतिनिधित्व गर्नेहरूले आआफ्नो देशमा भइरहेको भूमि अधिकार अभियानबारे असल अभ्यासहरूको विषयमा अनुभवहरू आदान-प्रदान गरेका थिए । नेपालबाट आत्मनिर्भर केन्द्रका संस्थागत विकास सल्लाहकार जगत बस्नेत र नेपाल सरकार भूमि सुधार मन्त्रालयका सहसचिवले पनि नेपालको भूमि अधिकार अभियान र सङ्घर्षबारे प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रमको तेस्रो दिनदेखि ताग्याता सहरको होटल डोमिनीकमा कार्यक्रम सुरु भयो । जसमा सबै देशहरूबाट आएका प्रतिनिधीहरूले आफ्नो देशमा भूमि सम्बन्धि गरेका र भइ रहेका प्रयासहरूको विषयमा प्रस्तुती गर्नु भयो । जसमा यसभन्दा अगाडी अन्तराष्ट्रिय भूमि सञ्जालले बनाएका कार्ययोजनाहरूको पनि समीक्षा भयो । कार्ययोजनामा राखेका शत प्रतिशत योजनाहरू पूरा हुन नसकेका र आगामी दिनहरूमा ती योजना पूरा गर्नका लागि थप नयाँ रणनीतिक योजनाहरू पनि निर्माण गरिएको थियो ।

फिलिपिन्सले सन् १९८० देखि नै भूमि अधिकारको क्षेत्रमा अभियान थालेको रहेछ । त्यहाँ पनि साङ्गठानिक संरचना नेपालमा जस्तै समुदायदेखि केन्द्रीय तहसम्म रहेछ । त्यहाँ पनि भूमि र प्राकृतिक स्रोतसम्बन्धि नीतिगत क्षेत्रमा काम गरिएको रहेछ । अभियानकै सङ्घर्षको दौडानमा सन् २०१४ मा त्यहाँको सरकारबाट जग्गा वितरण पनि भएको रहेछ । त्यहाँका किसानहरूमा जमिनको समस्यासँगै जलवायु परिवर्तनले पनि खुब असर गरेको विषयमा छलफल भएको थियो । पछिल्लो समयमा विश्वमा जलवायु परिवर्तनको असर बढ्दै जाँदा साना किसान तथा जमिनमै जीविका धान्ने अवस्थाका किसानहरूलाई धेरै खाले समस्याहरू थपिँदै गएको छ । यसको असर दिनानुदिन बढ्दै गएको छ । नेपालमा पनि जलावयु परिवर्तनको कारण जल, जङ्गल र उत्पादनमा समस्या उत्पन्न हुँदै गएको छ ।

उक्त अवसरमा हामीलाई त्यहाँको बलयान नगरपालिकामा भ्रमण गराइएको थियो । त्यहाँ हामीले किसानले लगाएको ऊखु खेतीको अवलोकन गर्ने अवसर पाएका थियौं । ऊखु खेतीबाट किसानहरूले राम्रो आम्दानी लिने गरेका रहेछन् । नेपालमा र फिलिपिन्समा किसानको समस्याहरू उस्तै रहेछन्, साना किसान र भूमिहीन किसान । त्यहाँ पनि भूमि अधिकारको लागि सङ्घर्ष भइरहेको छ र यहाँ पनि त्यस्तै । २ वर्षपहिले मात्र त्यहाँको सरकारले नीति ल्याई किसानहरूलाई जमिन वितरण गरेको रहेछ भने भूमि आयोग समिति गठन भइ त्यस समितीले सरकारलाई दवाव दिने काम पनि भइरहेको रहेछ । त्यहाँ भूमि प्राप्ती र वितरणको काममा भने बारम्बार सरोकारवालाहरू सँग सहकार्य गरेर काम गर्ने गरेको रहेछ । त्यस्तै विभिन्न संघसंस्थाहरू सँग भूमिकै विषयमा छलफल गर्ने गरेको र ३० वर्ष देखी कमाइ आएको मोही जग्गाको अधिकार पनि पाएका रहेछन्, हाल उनीहरूसँग आफ्नै नाममा पुर्जा रहेछ ।



मोहन मैनाली

# भुइँमान्छेबारे लेखिएको अग्लो किताब

२०६९ सालमा नेपालका दैनिक पत्रिकामा प्रधानमन्त्री बाबुराम भट्टराई मुसहर, दलित, थारू आदि उत्पीडित मानिसका घरमा बास बस्न पुगेको समाचार छापिएका थिए । यो समाचार अहिले पनि धेरैले सम्झन्छन् । तर कति समाचार छापिँदैनन्, छापिइहाले पनि त्यस्ता समाचारको सम्झना मानिसलाई हुँदैन तर ती दूरगामी महत्वका हुन्छन् ।

जस्तै- बाबुराम प्रधानमन्त्री भएकै बेला सुनसरीको एउटा स्कुल व्यवस्थापन समिति विद्यार्थीका अभिभावकले छान्न पाउनुपर्छ भनी सुरु भएको आन्दोलनमा मुसहर र थारू महिला कुटिए । कुटाइबाट एकजना मुसहर महिलाको गर्भ पतन भयो । कुट्नेमध्ये केहीले आफूलाई प्रधान मन्त्रीको पार्टीका मानिसको आशीर्वाद भएको दाबी गरेका थिए । यसपछि भएका घटनाले यस कुराको पुष्टि गरे किनभने गर्भ पतन हुनेगरी कुट्नेहरूलाई कुनै सजाय भएन । कुटिनेहरू थुनिए, धम्क्याइए ।

पत्रकार यज्ञशले लेखेको किताब 'भुइयाँ' मा यो र यस्ता कुराको वर्णन विस्तारमा गरिएको छ । 'जुन पार्टी र शक्ति थारू मुसहरको अधिकारका लागि लडेको थियो, त्यही पार्टीको नाममा सावित्री र सुलो सदालाई धम्की आउन थाल्यो'- यस घटनाबारे यज्ञशले लेखेका छन् ।

यज्ञशको किताब 'भुइयाँ' छापिँदैछ भन्ने सुन्दा मलाई लागेको थियो, नेपाली साहित्यमा अर्को एउटा उपन्यास थपिने भएछ । उपन्यासको जगजगी भएका बेलामा यज्ञशले पनि उपन्यास लेखेछन् । किताब विमोचनका दिन थाहा पाएँ- 'भुइयाँ' उपन्यास होइन रहेछ । यज्ञशले यस किताबमा सम्पूर्ण जीवन जग्गामा निर्भर भएर पनि एक इन्च पनि जग्गा आफ्नो नभएका, नेपालका सबैभन्दा कमजोर वर्गका मानिसको दुःख र जग्गा पाउनका लागि तिनले गरेका सङ्घर्षको चित्रण गरेका छन् । यसो गर्ने क्रममा उनले नेपालका राजनीतिक दलहरूको कुरूप तथा बहुरूपी चरित्र पनि उदाङ्गो पारेका छन् ।

'भुइयाँ'मा यज्ञशले यस्ता मान्छेका वास्तविक कथा लेखेका छन् जसले भोग्नुपरेका घटना सुन्दा पत्यार लाग्दैन किनभने ती कल्पनै गर्न नसकिनेखालका थिए ।




प्रकाशकले 'भुइयाँ'लाई गैरआख्यान अर्थात यो आख्यान होइनमात्र भनेका छन् । गैरआख्यानअन्तर्गतको कुन विधा हो भनेका छैनन् । यात्रा संस्मरण, अनुसन्धान, जीवनीजस्ता विविध विधाको संयोजन भएकाले यसलाई कुनै एउटा विधामा नबाँधेको हुन सक्छ । खासमा 'भुइयाँ' समाज विज्ञानको किताब पो रहेछ । तर यसो भनेर पाठकले तर्सनुपर्दैन किनभने यसको प्रस्तुति बेजोडको छ । नेपालका राजनीतिक दलहरूले आफ्ना मतदाताका सानातिना तर जायज आकाङ्क्षालाई कसरी वास्ता गरेनन् र तिनले आफ्ना मतदाताको विश्वास कसरी गुमाए भन्ने कुरा 'भुइयाँ'मा सङ्केत गरिएको छ । पहिले नेपाली कङ्ग्रेस, त्यसपछि नेकपा एमाले अनि माओवादीलाई विश्वास गरेका एकजना मानिसका कुरा यसरी लेखिएको छ- यसपछि आए माओवादी । माओवादी सबैभन्दा कडा थिए । सबैभन्दा पहिला यिनै भाँचिए । अहिले त सर, यसो हेर्दाम सबै पार्टी अरूका नै देख्छु । सबै सरकारमात्रै देख्छु । जति पार्टी छन्, ती सबै सरकार हुन्, शासक हुन् ।

माओवादीले अन्यायमा परेका सामान्य मानिसको त कुरै छाडिदिउँ आफ्ना कार्यकर्तासमेतलाई कसरी निराश बनाएको छ भन्ने उदाहरण पनि छ किताबमा । किताबमा लेखिएको छ- जमिनदारसँग क्षतिपूर्ति दिलाउने कुरा भएको थियो । त्यो बेला माओवादीले सबै जिम्मा लियो । क्षतिपूर्ति हामी दिलाउँछौँ भने प्रशासनलाई पठाइदियो, अहिलेसम्म क्षतिपूर्ति दिएको छैन ।

किताब पढ्दा लाग्छ- राजनीतिक दलहरू आफू सत्तामा पुग्न न्यायका कुरा गर्छन् । उनीहरू जब सत्ता वा सत्ताको नजिक पुग्छन् तब अन्यायबाट सबैभन्दा बढी पिसिएका मानिसलाई बेवास्ता गर्छन् ।

सम्पूर्णरूपमा जग्गामा निर्भर रहेका कतिजना मानिसको जग्गा नहोला ? यज्ञशले निकालेको हिसाबअनुसार कैलालीमा ४० हजार जति होलान् । एक परिवारमा ५ जना हुन्छन् भन्ने सामान्य हिसाब निकाल्दा कैलालीमा ८ हजार परिवार भूमिहीन हुन्छन् । हरेक परिवारलाई आधा बिघा जग्गा दिँदा पनि ४ हजार बिघा जग्गाले पुग्दोरहेछ । कैलालीमा मासिन लागेको वन फाँडेर यति जमिन दिइयो भने पनि त्यहाँ प्रशस्त वन बाँकी रहला । यसरी हेर्दा भूमिहीनको समस्या धेरै ठूलो रहेनछ ।

यसो नहुँदा भूमिका नाममा थरीथरीका आन्दोलन भएका छन् । तीमध्ये कति सफल भए, कति आंशिकरूपमा सफल भए । कतिचाहिँ असफल भए जसले भूमिहीनको अवस्था झन् खस्कायो । धेरै ठाउँका यस्ता आन्दोलनलाई लगातार केही वर्षसम्म हेरिसकेर यज्ञश भन्छन्- अधिकारका सबै लडाइँले उपलब्धि नदिने पनि रहेछन् । सलमाले भरपाइ माग गर्नु जायज थियो तर उनले कमाइरहेको जग्गासमेत गुमाइन् । आन्दोलनमा लाग्न उकास्ने तर त्यसलाई पार लगाउन नसक्नेहरूसँग सलमा रिसाएकी छन् । यसमा माओवादी र अधिकारवादी दुवैथरी पर्छन् ।

भूमिहीनता अन्त्यका लागि उपायको सङ्केत पनि उनले एउटा प्रसङ्गमा गरेका छन् । जस्तै- मुक्त कमलरीलाई पढाउने र खाने/बस्ने सुविधा भएको स्कुल । सबै भूमिहीनका सन्तानले स्तरीय शिक्षा र शिक्षा आर्जन गरुन्जेल खान/बस्न पाउने हो भने अर्को पुस्ताले केही हात जमिनमा शरण लिनका लागि यसअघिका पुस्ताले जस्तो जीवन दाउमा राख्नुपर्ने थिएन ।

यज्ञशले जसका बारेमा लेखेका छन् उनीहरूलाई पटक-पटक भेटेका छन् । यसबीचमा उनीहरूको जीवन के/कसरी फेरियो वा फेरिएन भन्ने हेरेका छन् । विभिन्न दृष्टान्त हेरेर उनले एक वा दुई वाक्यमा निचोड प्रस्तुत गरेका छन् । ती निचोडका एकाध दृष्टान्तका हकमा मात्र होइन, समग्र नेपाली समाजका हकमा सत्य सावित छन् । लेखकले चाहिने ठाउँमा तथ्याङ्क राखेका छन् तर तिनलाई एकै ठाउँमा थुपारेर पाठकलाई वाक्कदिक्क बनाएका छैनन् । रोचक प्रसङ्गका बीचमा राखेर पाठकलाई थाहै नदिइकन तथ्याङ्क र तिनले दिने सन्देश सुनाएका छन् ।

यज्ञश सुन्दर वाक्य कुँद्छन् । यस किताबमा पनि उनले त्यसो गरेका छन् । भुइयाँ पढ्दा लाग्छ- सुन्दर लेखन कुनै विधाविशेषको एकाधिकार होइन । लेख्न जान्ने मान्छेले जुन विधा छोयो त्यसैलाई सुन्दर बनाउँछ । उनका केही सुन्दर वाक्य संयोजन :

- दजेह एउटा अग्निकुण्ड हो जसमा जिउँदा जाग्दा केटीहरूको हवन हुन्छ ।

- मानिस त्यतिखेर पछि रहँदैन, जब उसमा चेतना आउँछ ।

- बाढी एकपटक आयो, पालकी चढ्ने भक्त बारबार आउँछन् ।

कतै-कतै ठाउँको वर्णन भने अलमल्याउनेखालको छ । जस्तै- धनगढी पुगेर कञ्चनपुरको वर्णन गर्छन्, अनि धनगढी र कञ्चनपुरबीचको ठाउँका मान्छे भेट्न जान्छन् । इटहरीबाट पाठकलाई धरान पुऱ्याउँछन् र त्यहाँ वर्णन गर्छन्- धरानभन्दा तल्तिर बसेका मान्छेको ।

यज्ञशले भनेका छन्- 'वि.सं. १४३६ मा जयस्थिति मल्लका पालादेखि छुवाछूतलाई कानुनी संरक्षण दिइएको मानिन्छ ।' मेरो विचारमा यो कानुनी संरक्षणमात्र होइन, कानुनी संरक्षणभन्दा कठोर कुरा थियो किनभने त्यतिबेला छुवाछूत गर्नेले कानुनी संरक्षणमात्र पाएको थिएन । छुवाछूत नगर्नेलाई कठोर जरिवाना गरिन्थ्यो । कानुनी संरक्षण शब्दावलीले छुवाछूतसम्बन्धी प्रावधानको निर्दयताको व्याख्या गर्न सक्दैन ।

यस्ता सानातिना कुराको क्षतिपूर्ति यज्ञशले प्रस्तुतिमार्फत दिएका छन्- कुनै प्रसङ्ग आउँदा त्यसभन्दा अघि/पछिका कुरा जोडेर । जस्तै- रसुवाकी पुतली तामाङको कथा भन्दै जाँदा उनी पुतलीले जग्गाको लालपुर्जा पाएको कुरा बताउँछन् । र, हामीलाई सम्झाउँछन्- त्यतिबेला माधव नेपाल प्रधानमन्त्री थिए । यसअघि माधव नेपालका बारेमा बलदेव रामले गरेको मूल्याङ्कन बताउने क्रममा यज्ञशले भनेका हुन्छन्- यिनका लागि चाहिँ बलदेवसँग धेरै प्रिय शब्द छैनन् । यस प्रसङ्गमा आएपछि यज्ञश भन्छन्- मैले अचानक बलदेव रामलाई सम्झिएँ । माधव नेपालकै पालामा पुतलीले लालपुर्जा पाएको खबर पाएदेखि उनी नेपालसँग अलि कम रिसाउँथे कि ?

लेखकले एउटा निरर्थक आशा गरेका छन् जस्तो लाग्छ मलाई । उनले भनेका छन्- 'सङ्घीय संरचनाले सरकारहरूलाई अलि नजिक पुऱ्याउनेछ भन्नेमा आशावादी पनि ।' सरकारलाई नजिक पुऱ्याएपछि निर्धा मानिसले अधिकार पाउलान् भन्ने आशा उनमा झल्कन्छ । तर उनले किताबभर उदाहरण दिएर के प्रस्ट पारेका छन् भने भूमिहीनका अधिकार खोस्न, उनीहरूलाई दबाउन स्थानीय ठालुहरूको हात छ र सङ्घीय संरचनामा, तिनलाई नियन्त्रण गर्ने दलमा यिनै ठालुहरूको वर्चस्व छ । यस्ता बेलामा सरकार नजिक आइपुग्दा दमितहरूले झन् डराउनुपर्ने हुन्छ ।

भुइयाँ नेपाली समाजको यस्तो ऐना हो जसमा सबैभन्दा पिल्सिएको वर्गको दुःख देख्न सकिन्छ, उनीहरूका त्यस्ता दुःख निवारण गर्छु भनेर राजनीति गर्नेले अझ दुःख दिएको पनि प्रस्ट हुन्छ । ●



रमेश खड्का

# किसान र भूमिको सम्बन्ध

**प्रारम्भ**

किसान सम्बन्धि भएका अध्ययनहरूमा किसान शब्दलाई फरक फरक तरिकाले परिभाषित गरिएको छ । किसान र किसानीलाई कसरी परिभाषित गर्ने भन्ने प्रश्न अपूर्ण रहेको देखिन्छ । यद्यपि विश्वको अधिकांश जनसङ्ख्या किसान भएको बताइन्छ (बल्क, १९६९) ।

नेपालीमा किसानलाई खेतीपातीको काम गरेर जीवीका चलाउने व्यक्ति भन्ने गरिन्छ (त्रिपाटी, २०७२) । रेडफिल्ड (१९६१) ले किसानलाई भूमिको टुक्रामा प्रभावकारी नियन्त्रण गर्ने व्यक्ति जस्मा उसको परम्परागत र भावनात्मक सम्बन्ध जोडिएको हुन्छ भनी परिभाषित गरेका छन् । उनले यसमा अर्काको भूमि लगाउने र भूमिहीन मोहीहरूलाई पनि समावेश गरेका छन् । उनको भनाइमा पूर्णता थप्न फर्थले (१९५२) ले साना उत्पादकहरू जस्तै माझि र हात्ते काम गरी जीविका चलाउनेलाई पनि थपेका छन् ।

यति भन्दै किसानलाई छुट्टै राखेर परिभाषित गर्न सकिँदैन जसका लागि ठूलो समाजसँग जोडेर हेर्नुपर्छ भन्छन् । त्यसै गरेर वल्फ (१९५५) ले किसान ग्रामीण भागमा खेतिपाती गर्ने व्यक्ति जो व्यापक आर्थिक, सामाजिक र राजनीतिक प्रणालीसँग जोडिएको हुन्छ भनेका छन् । यसरी गरेका परिभाषाका आधारमा किसान भनेको यहि हो भन्नु अर्थपूर्ण नहुन सक्छ । त्यसैले किसानलाई सन्दर्भ र परिवेश अनुसार फरक फरक तरिकाले परिभाषित गर्न सकिने देखिन्छ। यद्यपि भूमिसँगको सम्बन्ध किसानलाई व्याख्या गर्न मियो बन्न सक्छ।

सामान्यतया पूर्व अध्ययनहरूलाई (जस्तै; वल्फ, १९५५, रेड्फिल्ड, १९६१) हेर्दा भूमि किसानहरूको आधारभुत पुरक हो भन्ने कुरामा एकमत देखिन्छ । नेपालको पछिल्लो जनगणनालाई हेर्दा एक तिहाई नेपाली खेतिपातीमा निर्भर छन् । परम्परादेखि उनीहरूको जीविकाको मुख्य आधार भनेको खेतिपाती हो । यो सन्दर्भमा भूमिभन्दा महत्वपूर्ण सम्पत्ति अरु नभएको देखिन्छ । यद्यपि भूमि आफ्नै स्वामित्वमा नहुन सक्छ । त्यसैले भूमिको वितरणलाई केन्द्रमा राखेर किसानको वस्तु स्थितिलाई केलाउँदै किसानको आफ्नै समुदायबीच र बाह्य समुदायसँगको सम्बन्ध हेर्ने प्रयास गरिएको छ । यो लेख स्नाकोत्तरको शोधविधिमा गरिएको अध्ययनमा आधारित छ। सो क्रममा बाँके जिल्लाको चिसापानी गाउँलाई अध्ययन क्षेत्र बनाइएको छ।

अध्ययनअनुसार, चिसापानी पूर्णतया विभिन्न समयमा बाहिरी क्षेत्रबाट बसाईसरी आएर बसेका (वा बसाईएका) हरूको बसोबास हो । यहाँ तीन किसिमका आगन्तुकहरू छन्; पहिलो, वि.सं २००४ तिर दाङबाट आएका थारु र उनीहरूसँगै आएका कमैया (थारु)हरू; दोस्रो, वि.सं. २०३५ सालमा रारा राष्ट्रिय निकुञ्ज विस्तारको क्रममा पुनः बास गराइकोहरू; तेस्रो, विभिन्न समयमा विविध कारणले बसाइ सरेर आएकाहरू । बसाइसराइको मुख्यकारण प्रकृतिसँगको सम्बन्ध हो,



जस्तै, श्रोत (भूमि) कमि हुनु वा वञ्चित गरिनु । त्यसैले, यो अध्ययन उनीहरूसँग भएको भूमि वितरणमा केन्द्रित छ । यस अध्ययनले भूमि वितरणले किन र कसरी किसानहरूमा असमानता ल्याएको छ ? किसानहरू किन भूमिहीन हुँदै छन् ? भन्ने मुख्य प्रश्न हेर्न खोजेको छ ।

## किसान र भूमि

किसानहरूको आधारभुत एकाई परिवार हो । उनीहरूको भूमि वा चलन गरी आएको भूमिका आधारमा किसानहरूको वर्तमान अवस्था चित्रित हुन्छ । यतिमात्र नभएर यसले किसानको आफ्नै समुदायबीच अर्थात बाह्य समुदायसँगको सम्बन्ध पनि देखाउंछ । चिसापानीमा किसानहरू माझ तीन प्रकारको भूमि व्यवस्था पाइयो; दर्तावाल, ऐलानी र अधिँया । यस सन्दर्भमा, दर्तावाल जग्गा भएकाहरूभन्दा अरु दुईको अवस्था स्वभाभिक रूपले दयनिय छ । जस्तै, अधिकांश निकुञ्ज वरिपरि बसेकाहरूको जग्गा ऐलानी छ र जङ्गली जनावरबाट उनीहरू नै पीडित देखिन्छन् । अर्कोतिर, अर्काको जग्गा जोतेर खानेहरू पनि छन् । यस्ता परिवारहरू निम्नस्तरका किसानहरू नै छन् । यो जायजेथा अस्थायी भोग भएकाले, निजी सम्पत्तिको स्वरुप सिर्जना गरिएको अवस्थामा, जीविकाको लागि सङ्घर्षरतहरूमा, त्यस्कै स्थायित्व देखिँदैन । त्यसैले पनि दर्तावाल जग्गा हुने किसानहरू सुरक्षित हुनुका साथै प्रतिष्ठित सम्पत्ति हो ।

किसानहरूको भूमिसँगको सम्बन्धलाई नियाल्दा, उनीहरू, विशेषगरी भूमिहीन किसानहरू, शक्तिहीन जस्तै देखिन्छन् । भूमिको असमान वितरणले किसानहरूबीच पनि विविधता देखाउँछ । हुनेहरूको पहिले देखि प्रसस्त छ र नहुनेहरू संधै जस्ताको त्यस्तै । जस्तै, पूर्व कमैयाहरूलाई सरकारले भूमि वितरण गरे पनि, त्यो बसोबासको लागि मात्र ठिक्क छ । खानको लागि अरुकै जग्गा जोत्नु परेको बाध्यता छ । यो परिणाम उतिबेलाको कमैया प्रथाको हो नकि अहिलको । यस्मा ऐतिहासिक सामाजिक तथा राजनीतिक कारण देखिन्छ । त्यसैले, भूमि व्यवस्थालाई हेर्दा केन्द्रमा 'शक्ति' छ । यसमा आउने प्रश्न भनेको कसरी भूमिको वितरण भएको छ ? कस्ता घरपरिवारसँग कस्तो जग्गा छ ? ऐलानी र दर्तावाल भनी नामाङ्करण गर्ने अर्थात अधिँया दिने अधिकार कोसँग छ ? यसले किसानहरूबीच अर्थात बाह्य समुदायसँगको शक्तिको सम्बन्धलाई चित्रण गर्छ ।


अर्कोतर्फ, भएको भूमि पनि दिनानुदिन घट्दै गएको देखिन्छ । माथि भने जस्तै, ऐतिहासिक कारण त मुख्य हो नै तर योसँगै अन्य कारणहरू; बजारको विस्तार, राष्ट्रिय निकुञ्जको विस्तार र सांस्कृतिक खण्डिकरणले पनि मुख्य भूमिका खेलेको देखिन्छ । नाता सम्बन्धको आधारमा भूमि हस्तान्तरणले एकातिर विगत र वर्तमानका पुस्तालाई जोड्छ भने अर्कोतिर यसका कारण भूमि खण्डिकरण हुँदै गएको पनि देखिन्छ । जस्तै, कांसिरामको बुवाले रारा राष्ट्रिय निकुञ्जको विस्तार गर्दा चिसापानीमा २ विघा ७ कट्टा पाएको थिए जस्लाई उनका तीन भाईमा बाँडियो र उनका तीन छोरालाई फेरि बाँड्दा झण्डै ५/५ कट्टा भागमा परेको छ । एकातिर विकासको नाममा खेतीयोग्य जमिन मासिँदै गएको छ भने अर्कोतिर उत्पादन मुलक जग्गा सिमित व्यक्तिको हातमा सञ्चित छ । तसर्थ निम्न वर्गिय किसानहरू चपेटामा परिरहेकै देखिन्छन् ।

अधियाँ/बटैया सामान्यतया नेपालभरी प्रचलनमा छ । यसले साना किसान र भूमिपति वा ठूला किसानबीचको सम्बन्धलाई देखाउँछ । जोसँग सिमित जग्गा छ उनीहरू नै अधिँया लगाएको देखिन्छ । यद्यपि, अधियाँ लगाउने केही कमि भएको पनि छ । यसको मुख्य कारण आम्दानीका अन्य विकल्पहरू (ज्यालादारी मजदूरी) देखिनु हो भने, चिसापानिको हकमा, जङ्गली जनावरले बाली खान नदिनु, खेती गर्दा प्रयोग हुने साधनहरू महंगा हुनु अर्थात अधिँया लगाउनुमा फाइदा नदेखनु पनि त्यति कै महत्वपूर्ण देखिन्छन् । अर्कोतिर, पछिल्लो पुस्ता खेतिपातीको काममा अनइच्छुक भएको तथा नभ्याएको पनि देखिन्छ ।

भूमि वितरणको आधारमा किसानभित्र पनि तीन प्रकारका किसानहरू देखिन्छन् । पहिलो, ठूला किसान जसको जीविकाको लागि आफ्नै जग्गा हुनुका साथै केहि उत्पादन बेच्ने पनि गर्छन् । दोश्रो, मध्यम किसान जो आफ्नो या अधिँया लगाएको जग्गाबाट वर्ष भरी जीविका गर्छन् । तेश्रो, निम्न किसान जोसँग आफ्ना जग्गा छैन या सिमित जग्गा छ अर्थात अरुको जग्गा लगाएर पनि खान पुग्दैन । यि मध्य निम्न किसानहरूले बाच्नका लागि धेरै सङ्घर्ष गर्नुपर्छ । खुल्ला किसान समुदायमा यो खालको विभिन्नता देखिन्छ ।

## निश्कर्ष

किसानको सम्पूर्णता भूमिमा केन्द्रित रहेको देखिन्छ र यसले किसानको सम्बन्धलाई उजागर गर्छ । यो प्रयासको मुख्य उद्देश्य किसानको वर्तमान अवस्था देखाउनु र किसान सम्बन्धि बुझाइलाई फराकिलो पर्नु हो । भूमि किसानको जीविकाको आधार मात्र नभएर किसानबीच विभिन्नता देखाउछ । किसानको भू-स्वामित्वको अवस्था ऐतिहासिक, सामाजिक सांस्कृतिक र राजनीतिक पक्षसँग जोडिन्छ । नत किसानहरूसँग प्रयाप्त स्रोत छ नत प्रभाव पार्न सक्ने शक्ति । उनीहरूको जीवनलाई प्रभाव पर्ने निर्णय बाहिरबाट हुन्छ । किसानहरू, विशेष गरी निम्न किसानहरू, गरिबमात्र नभएर शक्तिहीन पनि हुन् । त्यसैले, भूमि किसानभित्र अर्थात अरुसँगको शक्ति सम्बन्ध हेर्ने मुख्य आधार हो । ●



पी साइनाथ

# किसान को हुन् ?

**हामीले कुनै पनि पत्रिका, टेलिभिजनमा मजदूर, कृषि र रोजगार बिट हेर्ने सम्वाददाता राख्दैनौँ भने हामीले देशको कुल जनसङ्ख्याको ७५ प्रतिशतको समाचार नै बनाइ रहेका छैनौँ ।**

मैले मेरो पेसाको थालनी सन् १९८० को दशकमा गरेको हो । तपाईंहरूलाई त्यसबेलाको अनुभव सुनाऊँ, त्यतिबेला हरेक राम्रा भनिएका पत्रिकाहरूमा मजदूर र कृषि सम्वाददाता हुन्थे । तर हिजो-आज समय फेरिएको छ । आज पत्रिकाहरूमा कृषि सम्वाददाता नै हुँदैनन् । यदि भुक्किएर भै पनि हाले भने उनीहरूले कृषि, किसान र त्यहाँ काम गर्ने कृषि मजदूरको समाचार बनाउन होइन कि कृषि मन्त्रीले के बोल्छन् भनेर त्यसलाई कभर गर्न खटिएका हुन्छन् ।

दुःखको कुरा भनौँ उनीहरू कहिलै आफ्नो वास्तविक कार्यक्षेत्रमा जाँदैनन् । उनीहरू कहिले कृषि मण्डी जाँदैनन् । मन्त्रालयबाट आएको प्रेस विज्ञप्ति अथवा ठूला कर्पोरेट हाउसहरूबाट आएको विज्ञप्तिको समाचार लेखेर नै उनीहरूले जागिर धानिरहेका हुन्छन् । पत्रिकाहरूले पनि अरू समाचार छाप्नेभन्दा त्यही विज्ञप्तिको समाचार छापेर कृषि समाचार भनेर पत्रिकाका पाना भरिरहेका हुन्छन् ।

आज पत्रिकाहरूमा मजदूर, कृषि र रोजगार बिट हेर्ने पत्रकारहरू पाउनै गारो छ । त्यसो त उनीहरूको पत्रकारहरूबीच कुनै 'डेजिग्नेसन' नै छैन । अहिले कसैले पनि यी विषयलाई सामाचारपत्र, टेलिभिजन, रेडियोमा दिन चाहँदैनन् । तर विजनस, कर्पोरेट कभर गर्न भने हरेक पत्रिकाहरूमा ८ देखि १० जना पत्रकार खटिएका हुन्छन् । मुम्बई जस्तो ठाउँमा त कम्तीमा पनि एक दर्जन पत्रकारहरू विजनेसको विभिन्न शिर्षकमा खटिएका हुन्छन् । उनीहरूको काम नै 'कर्पोरेट विजनस म्यान', 'कर्पोरेट विजनस हाउस'लाई कभर गर्नु हो ।

मेरो भनाई के हो भने यदि हामीले कुनै पनि पत्रिका, टेलिभिजनमा मजदूर, कृषि र रोजगार बिट हेर्ने सम्वाददाता राख्दैनौँ भने हामीले देशको कुल जनसङ्ख्याको ७५ प्रतिशतको समाचार नै बनाइ रहेका छैनौँ । हामीले मजदूर, कृषि र रोजगार बिटमा सम्वाददाता नराख्नुको अर्थ हो हामीलाई उनीहरूमा समाचार नै देखिँदैन । त्यसैले हामीले उनीहरूको समाचार बनाउँदैनौँ । यही पत्रपत्रिका, टेलिभिजनको आधिकारिक धारणा हो ।

यसो भन्नुको सोझो अर्थ हो मलाई यो देशको ७५ प्रतिशत जनताप्रति कुनै स्वाद छैन । जब २-३ हजार मान्छे मर्छन् अनि समाचार लेखौँला नि । आज हाम्रो देशको पत्रकारिताको मूल चरित्र यही हो र यही भइरहेको छ । यहाँ ध्यान दिनुपर्ने एउटा कुरा के छ भने मैले उठाएका ती बिटहरूमा पत्रकारहरूले काम गर्न छोडेदेखि सम्बन्धित क्षेत्रमा हुनुपर्ने विशेषज्ञता पनि अन्त्य हुँदै गइरहेको छ ।

मलाई धेरैजसो पत्रकार साथीहरूले फोन गरिराख्नु हुन्छ । उहाँहरूले के भन्नु हुन्छ भने- मलाई एउटा 'असाइमेन्ट' दिएर कोलापुरको चप्पल कारखाना पठाइएको छ तपाईंले त्यसबारे केही बताइ दिनुस् न । त्यसपछि मसँग उहाँहरू ४, ५ मिनट कुरा गर्नु हुन्छ अनि साँझ यसो हेर्दा त्यही रिपोर्ट टेलिभिजन र बिहानपख पत्रिकाहरूमा प्रकाशित भइरहेको हुन्छ । यो सही होइन ।

७५ प्रतिशत जनता यसबाट पीडित छन् । तर पाँच वर्ष यताको तथ्याङ्ले पत्रिकाको पहिलो पृष्ठमा ०.६७ प्रतिशत समाचार यस विषयमा छापिएको देखाउँछ । त्यसैगरी टेलिभिजनको प्राइम टाइममा ०.८२ प्रतिशत समाचार र स्टोरीहरू प्रसारित हुने गरेका छन् । सम्पादकहरूलाई थाहा हुनुपर्छ कि उनीहरूको पत्रिकाको पहिलो पृष्ठमा भारतको ग्रामीण क्षेत्रको समाचार जम्मा ०.६७ प्रतिशत मात्र अटाउने गरेको छ । सही तथ्याङ्क हो । यही वास्तविकता हो ।

मैले कुनै पत्रकार, सम्पादकलाई आरोप लगाएको होइन । यही हाम्रो वास्तविकता हो भनेर देखाएको मात्र हो । यदि कुनै पनि विषयमा त्यहाँको सम्पादक, पत्रकार अथवा म्यानेजमेन्टलाई रुचि र चासो नै छैन भने त्यो क्षेत्रबाट विशेषज्ञताको आशा गर्नु बेकार हुन जान्छ । तपाईंले काम नै नगर्दासम्म तपाईंमा त्यसको बृहद ज्ञान कसरी हुन्छ ? अहिले किसानहरूको कुनै पत्रिकाले स्टोरी गर्ने गरी कभर गरे भने कुनै स्पोर्टस्को कभर गरेझैँ नितान्त एउटा किसानलाई भगवानलाई गुहारेझैँ

**अरूको त के कुरा भारतको नीति आयोगमा बसेका ठूला मान्छे अरविन्द पानागरियालाई समेत थाहा छैन कि भारतमा किसानहरूको सङ्ख्या कति छ । उनले र जगदीश भगवतीले लेखेको किताब 'ह्वाई ग्रोथ म्यार्टर्स'मा उनीहरूले किसानहरूको आत्महत्या एउटा मजाक हो भने ।**

गर्न लगाएर फोटोसेसन गर्छन् र स्टोरी फाइल गर्छन् ।

यसले किसानहरूको समस्या, व्यथा, परिस्थिति र अवस्थितिका बारे केही बुझ्दैन, त्यस्ताले किसानको स्टोरी कभर गर्नु भनेको 'स्टेज फोटोग्राफी' गर्नुभन्दा केही फरक होइन । यस्तो फोटोग्राफी, स्टोरी कभर किसनाहरूको आत्मसम्मानको दृष्टिकोणमा निकै भद्दा मजाक हो । यस्तो गर्दैगर्दा एउटा पत्रकारले किसानको आत्मसम्मानमा ठूलो चोट पुऱ्याइरहेको हुन्छ । किसान कुनै वस्तु होइन, जसलाई एउटा पत्रकारले बारम्बार हेपी रहोस् । जसले यी सबै गरिरहेका हुन्छन्, उनीहरूलाई यति पनि थाहा हुँदैन कि भारतमा किसानहरूको वास्तविक जनसङ्ख्या कति छ ।

अरूको त के कुरा भारतको नीति आयोगमा बसेका ठूला मान्छे अरविन्द पानागरियालाई समेत थाहा छैन कि भारतमा किसानहरूको सङ्ख्या कति छ । उनले र जगदीश भगवतीले लेखेको किताब 'ह्वाई ग्रोथ म्यार्टर्स'मा उनीहरूले किसानहरूको आत्महत्या एउटा मजाक हो भने । किनभने भारतको कुल जनसङ्ख्याको कुल ५३ प्रतिशत किसानमा यो दरमा आत्महत्या हुनु भनेको आम र सामान्य कुरा हो । यति लेख्दै गर्दा उनीहरूले कि त भारतको राष्ट्रिय जनगणनाको तथ्याङ्क हेरेनन् कि उनीहरूलाई त्यसबारे ज्ञान नै छैन ।

त्यसपछि मैले उनीहरूलाई जवाफ दिँदै यो कुरा गलत हो भने । भारतमा ५३ प्रतिशत किसानहरू छन् भन्ने कुरा गलत हो । भारतमा कृषिको बृहद् क्षेत्रमा ५३ प्रतिशत मानिसहरू जोडिएका त छन् तर उनीहरू सबै कृषक होइनन् । किनभने भारतको कृषि क्षेत्रमा फरेस्ट्री, फिसरी, पशुपालन जस्ता कयौँ क्षेत्र यसभित्र आउँछ । त्यसैले यो सबै क्षेत्रमा भएको जनसङ्ख्यालाई हामीले कृषक भन्न मिल्दैन ।

यसलाई बुझाउन म दुईवटा उदाहरण दिन्छु । जस्तै भारतको बलिउड रोजगारीका लागि ठूलो उद्योग हो । तर बलिउडमा हुने सबै कलाकार होइनन् । ती सबै कलाकारमध्ये पनि सबै नायक होइनन् । त्यहाँ क्यामेरा, लाइट, अरेन्ज, डिस्टिब्युटर हुँदै चिया पकाउने पनि हुन्छ तर ती न कलाकार हुन न हिरो । त्यसैले कलाकार, र नायकको सङ्ख्या त्यो पूरै सिनेमा उद्योगमा निकै झिनो छ । त्यस्तै शिक्षा क्षेत्र पनि निकै ठूलो क्षेत्र हो । के त्यस क्षेत्रमा हुने सबै विद्यार्थी मात्र हुन् ? त्यो पूरै क्षेत्रमा विद्यार्थी त्यसको एउटा भाग मात्र हो । त्यस्तै त्यहाँ कर्मचारी, शिक्षक, अभिभावक, शिक्षाका लगानीकर्तालगायत अरू पनि त्यस क्षेत्रका एउटा-एउटा भाग हुन् ।

त्यसैगरी कृषि क्षेत्रमा सक्रिय सबै किसान होइनन् । भनेपछि भारतमा किसानको हो त ? र उनीहरू कति प्रतिशत छन् ? किसानको ५३ अथवा १० प्रतिशत भएमा त्यसले के फरक पर्छ ? म यसबारे केही बोल्न चाहन्छु । किनभने भारतमा यस विषयमा निकै ठूलो भ्रम व्याप्त छ । यहाँ अर्को महत्वपूर्ण कुरा के हो भने भारतमा किसानहरूको सङ्ख्या ह्वात्तै घट्दैछ ।

यहाँ हामीले ध्यान दिनुपर्ने मुख्य दुई कुरा छ । मजदूरमा दुई तह हुन्छ । मुख्य मजदूर र सीमान्तकृत मजदूर । मुख्य मजदूर भनेको त्यही हो, जसले एउटै पेसामा अथवा एउटै क्षेत्रमा वर्षको कुल १८० दिन काम गर्छ । तर सीमान्तकृत मजदूर त्यो हो, जो आफ्नो क्षेत्रमा अथवा एउटै काममा वर्षको १८० दिन पनि टिक्न सक्दैन । उसले रोजगारीका विभिन्न विकल्पहरूको खोजी गरिरहन्छ ।

मैले १८० किन भनेको भने यदि हामीले एउटा सामान्य समयसिमा राखेनौं भने हरेक कर्पोरेट हाउसको ठूलो मान्छे हप्ताको शनिबार र आइतबार नासिक गएर अलिकति माटो खेलाउँछ र म किसान हुँ भन्छ। हाम्रो जस्तो देशमा सरकारी अधिकारीहरूलाई कागजपत्र देखाएर अमिताभ बच्चन किसान हुन सक्छ भने एउटा कर्पोरेट हाउसको सीईओ किसान हुँ भन्न कुनै बेर लाग्दैन। तपाईंहरूलाई थाहा छ नि अमिताभ बच्चनले उत्तर प्रदेशको बारबन्कीमा मेरो कृषि जमिन छ भनेर मैले महाराष्ट्रमा पनि कृषि जमिन किन्न पाउँछु भनेर प्रमाण पेश गरे।

जुन देशमा अमिताभ बच्चनलले आफू किसान भएको प्रमाणपत्र देखाउन सक्छ, त्यहाँ वास्तविक किसान को हो भनेर त्यसको सही परिभाषा निर्माण गर्नुपर्ने हुन्छ। यो कुरा किसानहरूको हितमा छ भनेर मात्र होइन। मुख्य मजदूर र सीमान्तीकृत मजदूरको सङ्ख्या छुट्याउन पनि यो गर्नुपर्नेछ। एउटै क्षेत्रमा अथवा काममा १८० दिनभन्दा कम काम गर्नेलाई 'मार्जिनल कल्टिबेटर' र १८० भन्दा बढी काम गर्नेलाई 'मेन कल्टिवेटर' भन्नुपर्ने छ।

म यो कुरा निकै सजिलो गरी भनिरहेको छु। किनभने मिडियाका साथीहरूले तथा आम मानिसले पनि यो कुरा स्पष्ट रूपमा बुझ्न जरुरी छ। १८० दिनलाई आधार मानेर हेर्ने हो भने भारतमा किसानको सङ्ख्या ८ प्रतिशतभन्दा पनि कम छ। सन् २०११ को जनगणनामा ९ करोड ८० लाख (९८ मिलियन) मान्छे सीमान्तकृत किसानको सूचीमा पर्छन्, जुन १० प्रतिशतभन्दा पनि कम हुन आउँछ।

खेतमा काम गर्ने खेतिहर मजदुर, सीमान्तकृत मजदुरसहित सबै क्षेत्रमा रहेका किसानहरूलाई जोडेर हेर्ने हो भने पनि यो सङ्ख्या २४ प्रतिशतभन्दा थोरै हुन आउँछ। तर पानागरिया र जगदीश भगवती भने देशमा ५३ प्रतिशत किसान छन् भन्छन्। मैले अघि माथि तपाईंहरूलाई सङ्केत गरेको थिएँ। तपाईंहरूले कत्तिको ध्यान दिनुभयो, भारतमा किसानहरूको सङ्ख्या निकै डरलाग्दो तरिकाले तल झरिरहेको छ।

सन् १९९१, २००१ र २०११ को जनसङ्ख्याको तथ्याङ्क हेर्नुभयो भने तपाईंहरूले किसानको घट्दै गरेको सङ्ख्या कति डरलाग्दो छ भन्ने थाहा पाउनुहुन्छ। सन् १९९१-२००१ सम्मको दश वर्षमा 'मेन कल्टिभेटर' किसानको सङ्ख्या ७२ लाखले तल झरेको छ भने २००१-०११ सम्ममा ७७ लाख किसानले आफ्नो पुरानो पेसा छोडेका छन्। यसको अर्थ २० वर्षमा ढेड सय लाख किसानहरूले आफ्नो कृषि पेसा छोडेका छन्।

यसको अर्थ प्रत्येक दिन झण्डै २ हजार किसान देशले गुमाइरहेको छ। तपाईंलाई लाग्न सक्छ, यतिका किसानले आफ्नो कृषि पेसा छोडेर कहाँ जाँदैछन् त ? पहिलो त उनीहरू बसाइसराई गर्दैछन्। अर्को कुरा तपाईंले त्यही जनगणनामा खुट्याउन सक्नुहुन्छ किसानको सङ्ख्या घट्दै छ तर खेती मजदूरको सङ्ख्या निकै नै वृद्धि भइरहेको छ। यसको सीधा अर्थ के हो भने लाखौं किसानको भूमि र खेती चौपट भयो र ऊ वास्तविक किसानबाट खेती मजदूरमा परिणत भयो।

मेरो आफ्नो आन्ध्र प्रदेशमा (त्यतिबेला आन्ध्र र तेलङगाना छुट्टिएको थिएन) २००१-२०११ सम्म किसानहरूको जनसङ्ख्या १३ लाखले घट्यो भने खेती मजदूरको जनसङ्ख्या ३६ लाखले बढ्यो। यसको सोझो अर्थ ग्रामीण क्षेत्रहरूमा किसानहरू मात्र सरकारी

**भारतका ग्रामीण क्षेत्रहरूमा डकर्मी, सिकर्मीको भोकका कारण मृत्युको सङ्ख्या अपत्यारिलो ढङ्गले बढीरहेको छ। यसको सम्बन्ध पनि किसानहरूको आत्महत्या, किसानहरूको कृषिबाट विस्थापनलगायतका कारणसँग जोडिएको छ।**

नीतिको शिकार भएका छैनन् कि अरू पनि धेरै यस्ता मान्छेहरू छन्। जो आफ्नो पुस्तैनी पेसा छाड्न बाध्य छन्।

तपाईंहरूले किसानहरूले आत्महत्या गरेका बारेमा पढ्नु भएको छ। तर ग्रामीण क्षेत्रका डकर्मी, सिकर्मीहरू भोकले मारिँदै गरेको पढ्नुभएको छैन होला। भारतका ग्रामीण क्षेत्रहरूमा डकर्मी, सिकर्मीको भोकका कारण मृत्युको सङ्ख्या अपत्यारिलो ढङ्गले बढीरहेको छ। यसको सम्बन्ध पनि किसानहरूको आत्महत्या, किसानहरूको कृषिबाट विस्थापनलगायतका कारणसँग जोडिएको छ। किसान भने बैङ्कको ऋण चुक्ता गर्न नसकेर आत्महत्या गर्दैछ। ऊ कृषि पेसामा टाट पल्टिने अवस्थाले पलायन हुँदैछ। तर को मोटाउँदैछन त ? यो प्रश्नको जवाफ सरकारमा बसेका कसैले पनि दिन खोज्दैनन्। वास्तविकता यही हो। ●

*(पी साइनाथ भारतका वरिष्ठ पत्रकार तथा ग्रामिण क्षेत्रमा किसानहरूको आत्महत्या बारे लेख्ने पत्रकार हुन्।)*



कृष्णप्रसाद पौडेल

# बेवारिसे कृषि र निकम्मा नेतृत्व

हाम्रो कृषि क्षेत्र अहिले बेवारिसे भएको छ । संविधानमा खाद्यको अधिकार, सुरक्षा र सम्प्रभुताको हक हुने उद्घोष गरेर मक्ख परेका नेतागण स्थानीय सरकारलाई कृषि विकास नामको 'भालुको कम्पट' जिम्मा लगाएर आफ्नै पुरानो खेतीपातीमा फर्किसकेका छन् । कृषि क्षेत्रको सरकारी नेतृत्व र नीति निर्माता कुइरोका कागजस्ता भएका छन् ।

हचुवाका भरमा कृषि विकासका योजना र रणनीति बनाउने कृषि मन्त्रालयका जिम्मेवार कर्मचारीहरू चार दशक लामो कृषि विकासको असफलताको अपजश संक्रमणकालीन राजनीति र समाजमा आएको फेरबदललाई मात्र दिएर टक्टकिने गरेका छन् । उनीहरूले प्रधानमन्त्री कृषि आधुनिकीकरण, खाद्य सुरक्षा परियोजना जस्ता सयौं योजना र कार्यान्वयनको कागजी घोडा दौडाएर नागरिकले तिरेको कर र दाताका सहयोग दुरुपयोग गर्ने गरेका छन् । यो दुरुपयोगको छानबिन गर्न किन नपर्ने ? कर्मचारीतन्त्र नै अहिले हाम्रो समृद्ध हुने सपनाको सबैभन्दा ठूलो तगारो बनेको छ । यस्तो विषवृक्ष फालेर नयाँ संरचना बनाउनुको सट्टा यसैमा मलजल गरेर आफ्नो फसल थन्क्याउने सपना बोकेको छ, राजनीतिक नेतृत्वले । साथै राजनीतिक तथा सरकारी नेतृत्व दिगो विकासका दीर्घकालीन सोचहरूबाट समेत विमुख छ । हिजोआज कृषि अलपत्र परेकामा मुख्य दुई खाले विचारले घर गरेको देखिन्छ ।

**आर्थिक भूमण्डलीकरणको प्रभावले अन्य देशको औद्योगिक कृषिसँग प्रतिस्पर्धी हुनसकेको छैन । यो विकासको एउटा स्वाभाविक प्रक्रिया हो र अन्यत्र पनि इतिहासमा यस्तै भएको थियो । समय क्रमसँगै यसमा सुधार हुँदै जान्छ ।**

पहिलो, आर्थिक भूमण्डलीकरणको प्रभावले अन्य देशको औद्योगिक कृषिसँग प्रतिस्पर्धी हुनसकेको छैन । यो विकासको एउटा स्वाभाविक प्रक्रिया हो र अन्यत्र पनि इतिहासमा यस्तै भएको थियो । समय क्रमसँगै यसमा सुधार हुँदै जान्छ । दोस्रो, नेपालको समृद्धिको मुख्य आधार नै कृषिको विकास हो । पुनः उत्पादन क्षमतामा वृद्धि गरी यसलाई उन्नत बनाउन नसक्ने हो भने हाम्रो भविष्य सुरक्षित छैन । कृषिलाई हेर्ने दृष्टिकोण अहिलेको भन्दा फराकिलो नबनाई कृषि विकासको सम्भावना छैन । तर यस बारेमा राम्रो बहस अझै हुनसकेको छैन । यो कुराले हाम्रो कृषिलाई हेर्ने सामाजिक तथा राजनीतिक दृष्टिकोणको सीमा अझ प्रस्ट हुन्छ ।

हाम्रो अहिलेको परिवेशमा कृषिलाई हेर्ने दृष्टिकोण बनाउन दुईवटा पक्षलाई गम्भीरतापूर्वक विचार गर्नुपर्छ । पहिलो, हाम्रो आफ्नै फेरिएको सामाजिक-आर्थिक सन्दर्भ र दोस्रो, समग्रतामा कृषिलाई हेर्ने दृष्टिकोणमा आएको विश्वव्यापी फेरबदल । आन्तरिक तथा बाह्य कारणहरूले नेपाली कृषिको सन्दर्भमा व्यापक फेरबदल आएको छ । कृषिका आन्तरिक सीमाहरू बुझ्न एकपटक हाम्रा फेरिएका सन्दर्भ र भूराजनीतिक अवस्था मनन गर्न आवश्यक छ । सहरी बसाइँ-सराइ हुँदै विदेश पलायन तीव्र भएको छ । यो कतिपय अर्थमा तत्कालै फेरिन नसक्ने सामाजिक व्यवहार बनेको छ । यस्तो अवस्थामा हाम्रो संक्रमणकालीन कृषिको व्यवस्थापन कसरी गर्ने भन्नेमा गम्भीर चिन्तन-मनन गर्नु पर्नेछ । तर यसतर्फ कुनै पहल भएको छैन ।

त्यसैगरी भूराजनीतिक सम्बन्धहरूले हाम्रो कृषिक्षेत्र निकै प्रभावित छ । यसले निम्त्याएका कृषि क्षेत्रका समस्याबारे हामी आपसी सम्वादसम्म पनि गर्न तर्सिन्छौं । हाम्रोभन्दा झन्डै सय गुना ठूलो अर्थतन्त्र भएको छिमेकीसँगको सम्बन्धले हाम्रो खाद्य र कृषिमा आएको


संकटको मुद्दालाई अझै जटिल बनाउँदै लगेको छ । त्यसैगरी अहिले चिनले 'बेल्ट एन्ड रोड इनिसिएटिभ्स' (बीआरआई) को अवधारणा ल्याएको छ । यो उसको बजार र बर्चस्व विस्तारको रणनीति हो । उनीहरूको राजनीतिक तथा आर्थिक गतिविधिले हामीलाई सधैं र सोझै प्रभाव पार्ने गरेको छ । समयमै यी विषयमा दोहोरो सम्वाद गरी हाम्रो कमजोर कृषि अर्थतन्त्र बचाउन पहल नगर्ने हो भने हाम्रो कृषि सधैंका लागि पलायन वा पराधीन हुने निश्चित छ ।

अहिले रसायन, विषादी, हार्मोन र प्लास्टिकले मानिसमा नसर्ने दीर्घरोग बढाउनका साथै माटोको जैविक प्रक्रियालाई तहसनहस बनाएको छ । यसका साथै जलवायु परिवर्तनले मैदानको खेती प्रणालीलाई तहस-नहस बनाउँदै लगेको छ । यसले निम्त्याएका गम्भीर संकटहरू क्रमशः देखा पर्दैछन् । हजारौं वर्षदेखि निरन्तर उत्पादन दिइरहेको माटोको गुणस्तर खस्किँदै गइरहेको छ ।

सन् १९५० को दशकमा विश्वयुद्धको समाप्तिसँग बढ्दो जनसङ्ख्यालाई पर्याप्त र पोषणयुक्त खाना पुऱ्याउन कृषि प्रविधिको खाँचो थियो । यस कुरालाई मध्यनजर गर्दै सघन उत्पादनका लागि बालीनाली तथा वस्तुभाउको बीउ, नश्ल, कृषि प्रविधि सुधार, रोग तथा किरा नियन्त्रणका लागि विषादी प्रयोगजस्ता कुराले प्रश्रय पायो । यसमाथि सिँचाइ, कृषि प्रविधि, रासायनिक मल, किटनाशकको प्रयोगको व्यवस्थाले सन् १९६० को दशकमा कृषि क्रान्ति सम्भव भयो, जसलाई हरित क्रान्ति भनेर चिनिन्छ । तर यस्तो हरित क्रन्ति सुरु भएको ४० वर्ष नबित्दै यसका सीमा सबैतिर देखिन थालेको छ । ●

*कान्तिपुर, कार्तिक ११, २०७४*

# इन्डोनेसियामा जनतालाई जग्गा वितरण



इन्डोनेसियाको बाली राज्यमा त्यहाँका राष्ट्रपतिले किसानहरूलाई जग्गा वितरण अभियान थालेका छन् । भूमि सुधार कार्यक्रमअन्तर्गत राष्ट्रपति जोको विडोडोले हजारौ जग्गा धनीपुर्जा किसानहरूलाई वितरण गर्नुभएको हो । एकै पटक ५ हजार ९३ परिवारलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गरिएको छ । आगामी सन् २०१९ सम्ममा बाली राज्यका सबै भूमिहीन किसानहरूलाई जग्गा दर्ता गरिने उद्घोष पनि राष्ट्रपतिले गर्नुभएको छ । इन्डोनेसिएन सरकारले आगामी सन् २०१९ सम्ममा २ लाख मानिसहरूलाई जग्गाधनी पुर्जा वितरण गरी भूमिहीन समस्या समाधान गर्ने र भूमि सुधारका कार्यक्रम सञ्चालन गरिने योजना बनाएको छ ।

राष्ट्रपति कार्यालयका अनुसार इन्डोनेसियाको बाली तथा अन्य राज्यमा गरी आगामी सन् २०२५ सम्ममा सबै किसानको स्वामित्वमा जग्गा पुऱ्याउने योजना रहेको छ । सम्पत्ति अधिकार सुरक्षा र जग्गा सम्बन्धि विवाद टुङ्गो लगाउन सजिलो हुने भएकाले सबैलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गर्ने कार्य त्यहाँको सरकारको प्राथमिकतामा परेको छ । इन्डोनेसियालीको आर्थिक समानता सुधारकालागि भूमि सुधार कार्यक्रम अघि सारिएको राष्ट्रपतिको भनाई छ । उनी भन्छन्, कसरी हुन्छ प्राकृतिक स्रोतमा जनताको अधिकतम् अधिकार र पहुँच वृद्धि गरिनेछ । जव जनताको प्राकृतिक स्रोतमा पहुँच वृद्धि हुन्छ तव उनीहरूको आर्थिक हैसियत माथि उठ्नेछ ।  सरकारी योजनाअनुसार १२.७ मिलियन हेक्टर जमिन पुनःवितरण गर्ने लक्ष्य छ ।

जग्गाधनीपुर्जाले सँधै राम्रो मात्र गर्छ भन्ने छैन । यसको लागि बाली राज्यको सेरान्गान टापुको कापुङ्ग बुगीस भन्ने गाउँको उदाहरण लिन सकिन्छ । त्यहाँ की जग्गाधनी पुर्जा भएकी एक महिलाले आफ्नो जग्गामा पुस्तौदेखि बसोबास गरिहेका ३६ घरधुरीलाइ कुनै सूचना नदिई उठिबास गराएकी थिइन् । यसैले राष्ट्रपति जोकोवीले सबैलाइ आफ्नो जग्गा धनीपुर्जा सुरक्षित गरी राख्न अनुरोध गरेका छन् । यसरी सुरक्षितरुपमा कागजात राख्दा यदी हरायो वा केही भइहाल्यो भने त्यसको प्रतिलिपि लिन व्यक्ति एवम् सरकारी अड्डालाई पनि सजिलो हुन्छ ।

स्रोत : अनलाइन खबरहरू ।



चिन्तन पौडेल

# यी हुन् गरिबी निवारणका सूत्र

अब अनुगमन गर्ने काममा पनि हामी लाग्नुपर्छ । यसले वास्तविक गरिबसमक्ष कार्यक्रम पुग्छन् । त्यसका लागि संयन्त्र आवश्यक हुन्छ ।

हामीले धेरै गर्‍यौं विकासका कुरा । विभिन्न योजना पनि बनायौं । कार्यान्वयनका लागि पहल गर्‍यौं । यसो गर्नुपर्छ र उसो गर्नुपर्छ भनेर व्याख्यान पनि धेरै दियौं ।तर यति हुँदाहुँदै पनि नेपालबाट गरिबीको दर अपेक्षाकृत रूपमा घट्न सकेन । गरिबीको पहिचान गरेर वास्तविक गरिबलाई सबल एवम् सक्षम बनाउन नसक्दासम्म देशबाट गरिबी हट्नु असम्भवप्रायः छ । केही समयअघि सरकारले गरिब परिचयपत्र वितरण गर्ने कार्यलाई अघि बढाएको छ । सोहीअनुसार पहिलो चरणमा २५ जिल्लाका गरिब परिचयपत्र वितरण गर्ने काम अघि बढ्दैछ । यसले करिब २० लाख जनसङ्ख्यालाई फाइदा पुग्नेछ । त्यो केही समयमै पूरा हुन्छ । चालू आर्थिक वर्षभित्र थप ५० जिल्लामा पनि त्यो कार्यक्रम लैजाने योजनाअनुसार काम भइरहेको छ ।

२५ जिल्लामा परिचयपत्र वितरण केही समयभित्रै हुन्छ । यहाँ परिचयपत्र वितरण गर्दैमा गरिबी कहाँ सजिलै हट्छ र भन्ने प्रश्न उठ्न सक्छ । तर त्यसो होइन । किनभने, हामीले वैज्ञानिक किसिमले गरिबीको पहिचान गरेका छौं । पहिचान गरिएका गरिबलाई विभिन्न किसिमका सेवासुविधा प्रदान गरिन्छ । जस्तै, स्वास्थ्य सेवा मानिसको आधारभूत आवश्यकता हो । यो योजनाअनुसार उनीहरूलाई बीमा सुविधा उपलब्ध हुन्छ । यसबाट उनीहरूले २ देखि ५ लाख रुपैयाँसम्मको निःशुल्क उपचार सेवा सजिलै पाउन सक्छन् ।

यसैअन्तर्गत शिक्षाका कार्यक्रम पनि छन् । तिनलाई पनि सँगै अघि बढाउन सकिन्छ । गाउँमा गरिबका बालबालिकालाई उचित शिक्षाको सुविधा यसमार्फत उपलब्ध हुन्छ । उचित शिक्षा पाएको अवस्थामा गरिबका बालबालिकाले पनि आर्थिकरूपमा सफलता हासिल गर्न सक्छन् । त्यति मात्र होइन, सोलार प्यानल अनुदानका कार्यक्रम पनि छन् । यसले पनि ग्रामीण क्षेत्रमा रहेको विद्युत् पहुँच अभावको समस्यालाई निराकरण गर्न सजिलो हुनेछ ।

गरिब परिचयपत्र पाउनेहरूले कृषिमा बीउबिजन अनुदानमा पाउनेलगायत सुविधा पनि छन् । यी सबै गरिबलक्षित कार्यक्रम हुन् । जसलाई परिचयपत्र भएका गरिबले पाउनेछन् । परिचयपत्रको अवधारणा संसारभर सिद्ध भइसकेको पनि छ । जसरी हुन्छ विपन्न वर्गलाई माथि उकास्ने काम हुनुपर्‍यो भन्ने उद्देश्यबाट प्रेरित भएर यो काम अघि बढाइएको हो । यसलाई राम्रोसँग व्यवस्थित गर्न सके विस्तारै देशको गरिबी घट्दै जानेमा शंका छैन । यस्ता कार्यक्रम सबै देशले लागू गरेका छन्, चाहे ती धनी या गरिब देश नै किन नहोऊन् ।

युरोपकै उदाहरण लिने हो भने पनि जसले काम गर्न सक्दैन, जो अशक्त छ, तिनीहरूलाई सरकारले निश्चित

खानलाउन पुग्ने रकम भत्तास्वरूप दिने व्यवस्था छ ।

हुन त यसअघि पनि गरिबलक्षित कार्यक्रम नभएका होइन, तर ती वास्तविक गरिबको पहुँचमा नपुगी बाहिरै हराउने अवस्था आयो । त्यसैले अब अनुगमन गर्ने काममा पनि हामी लाग्नुपर्छ । यसले वास्तविक गरिबसमक्ष कार्यक्रम पुग्छन् । त्यसका लागि संयन्त्र आवश्यक हुन्छ । त्यसका लागि पनि आवश्यक काम अघि बढेको छ । भारतमा पनि त्यहाँको सरकारले गरिब जनतालाई लक्ष्य गरी 'आधार कार्ड' वितरण गरेको छ । यसमार्फत उसले गरिबहरूलाई ग्यासलगायत अत्यावश्यक वस्तुमा सहुलियत दिइरहेको छ । नेपालको सन्दर्भमा पनि परिचयपत्र नै 'आधार कार्ड' हो । यसकै आधारमा गरिबलाई विभिन्न क्षेत्रमा सहुलियत दिने व्यवस्था गर्नुपर्छ । यसो भयो भने मात्रै नेपाल गरिबीबाट माथि उठ्न सक्छ ।

सरकारले चेपाङलाई घर बनाइदिने गरेको छ । उसले ठूलो सङ्ख्यामा उनीहरूका लागि घर बनाइदिएको पनि छ । तर चेपाङहरूभित्र पनि तत्कालै बनाइदिनुपर्नेको पहिचान हुनु आवश्यक छ । त्यस्ता चेपाङहरूको पहिचान गरी घर निर्माण गरिदिने हो भने पनि गरिबी घटाउन सकिन्छ । नेपालमा कुल जनसङ्ख्याको २५ प्रतिशत मात्र गरिब छन्, यस्तै कार्यक्रम सञ्चालन गरे अर्को जनगणनामा त्यो घटेर १०/१५ प्रतिशतमा आउन सक्छ । त्यससँगै यहाँ के कारणले गर्दा गरिबी घटेको छैन भन्ने विषयमा समेत अध्ययन हुनुपर्छ । शिक्षालगायत आधारभूत आवश्यकता नपुगेकोलगायत कारणले गरिबीको दर नघटेको हुन सक्छ । त्यसैले, कारण पत्ता लगाएर उचित शिक्षाको व्यवस्था गर्नुपर्छ ।

गरिब परिचयपत्रले गरिबलाई उद्यमी बनाउन पनि सघाउँछ । त्यसमा सरकारले निश्चित अनुदान दिएर उद्योग सञ्चालन गर्न सघाउने अवधारणाअनुसार यो परिचयपत्र वितरणको योजना बनेको हो । यसैअन्तर्गत सरकारले गरिबलक्षित विभिन्न सीप विकासका कार्यक्रम पनि तय गरेको छ । यी कार्यक्रम पनि तिनै परिचयपत्र पाएका गरिबकहाँ पुऱ्याउनुपर्छ । यसो भयो भने गरिब एवम् कमजोर वर्गको आर्थिक अवस्था सुदृढ हुन सक्छ । सर्वप्रथम वास्तविक गरिबले परिचयपत्र पाउनुपर्छ ।

हामीले नेपालमा सम्भावना भएका कृषिका अन्य क्षेत्रलाई पनि सँगै अघि बढाउन सक्छौं । उदाहरणका रूपमा कफी विकास कार्यक्रमलाई विस्तार गर्न सकिन्छ । सामुदायिक सशक्तीकरण आयोजना (कम्युनिटी इम्पावरमेन्ट प्रोजेक्ट)अन्तर्गत यस्ता कार्यक्रम सञ्चालन गर्न सकिन्छ । नेपालको धेरै डाँडाकाँडा बेवारिसे अवस्थामा छन् । त्यहाँ रहेका सम्भावनाबारे उचित अध्ययन गरेर कफी उत्पादनजस्ता कार्यक्रम अघि बढाउने हो भने पनि गरिबी हटाउन सजिलो हुन्छ । त्यसका लागि सरकारले वास्तविक गरिबलाई बीउबिजन, प्राविधिक सहयोगलगायतमा सघाउनुपर्छ । त्यसमा सरकारले सहयोगी भूमिका निर्वाह गर्न सक्छ । सँगसँगै किसानले उत्पादन गरेको उत्पादन बजारसम्म पुऱ्याउन सरकारले सर्वप्रथम सडकलगायत पूर्वाधारको व्यवस्था गरिदिनुपर्छ । यसले एकातिर गाउँको उत्पादन सहरले पनि उपभोग गर्न पाउँछ भने अर्कोतिर दूरदराजका मानिस पनि आर्थिक रूपमा समृद्ध हुन सक्छन् ।

नेपालका स्याङ्जा, गुल्मी, पाल्पालगायत जिल्लाको उच्च भेग (समुद्री सतहबाट

नेपालको धेरै डाँडाकाँडा बेवारिसे अवस्थामा छन् । त्यहाँ रहेका सम्भावनाबारे उचित अध्ययन गरेर कफी उत्पादनजस्ता कार्यक्रम अघि बढाउने हो भने पनि गरिबी हटाउन सजिलो हुन्छ । त्यसका लागि सरकारले वास्तविक गरिबलाई बीउबिजन, प्राविधिक सहयोगलगायतमा सघाउनुपर्छ ।

८ सय मिटर उचाइ)मा कफी खेतीको उच्च सम्भावना छ । नेपालमा उत्पादित कफीको माग विश्वबजारमा वार्षिक १० हजार मेट्रिक टन छ । तर ४ सय ५० मेट्रिक टनको हाराहारीमा मात्र आपूर्ति भइरहेको छ । यस्तो अवस्था हुँदाहुँदै पनि हामीले मागअनुसार आपूर्ति गर्न सकेका छैनौं । उक्त कफीको मूल्य पनि उच्च नै छ । त्यसको खरिदमा कसैले 'बार्गेनिङ' गर्दैन । विश्वबजारको त्यही माग पूर्ति गर्न पनि नेपालका डाँडाकाँडामा अब कफी उत्पादन गर्नुपर्छ । ती डाँडाकाँडा कफीले भरिनुपर्छ । अन्य कृषि उत्पादनको तुलनामा कफीले चारगुणा बढी लाभ दिन्छ । यस्ता बढी लाभ दिने किसिमका वस्तु उत्पादनतर्फ पनि हामीले ध्यान दिनु आवश्यक छ ।

सानै क्षेत्रमा गरिएको कफीखेतीले अन्य कृषि उपजले दिनेभन्दा बढी मुनाफा दिन सक्छ । नेपालका विभिन्न स्थानमा रहेका कृषि सहकारीहरूलाई कफी विकासमा लगाउन पनि सकिन्छ । किसानलाई

निश्चित अनुदान दिएर कफीखेतीमा लगाउन सकिन्छ । त्यसमा गैरआवासीय नेपाली (एनआरएन) र कृषिक्षेत्रमा काम गर्ने निजी कम्पनीले पनि सहयोग गर्न सक्छन् । यस्ता सबै काममा किसानलाई प्रत्यक्ष सङ्लग्न गराउनुपर्छ । यसले उनीहरूको जीवनस्तर उकास्न सघाउँछ नै ।

त्यसैले, हामीले यहाँ उच्च सम्भावना भएको वस्तु चिन्नुपर्छ र त्यसको बढीभन्दा बढी उत्पादन गर्नेतर्फ लाग्नुपर्छ । सम्भावना नभएको वस्तु उत्पादन गरेर त्यसले मुनाफा दिँदैन । हामीले यहाँ सबै वस्तु उत्पादन गर्नुपर्छ भन्ने पनि छैन । कुनै एक वस्तुलाई मात्र

**गरिब परिचयपत्रले गरिबलाई उद्यमी बनाउन पनि सघाउँछ । त्यसमा सरकारले निश्चित अनुदान दिएर उद्योग सञ्चालन गर्न सघाउने अवधारणाअनुसार यो परिचयपत्र वितरणको योजना बनेको हो ।**

केन्द्रित गरेर त्यसको मात्र उत्पादन गर्न सक्यौं भने त्यसले आर्थिक रूपमा ठूलो परिवर्तन ल्याउन सक्छ । उदाहरणकै लागि बेलायतलाई लिन सक्छौं । बेलायतले आलु, चिनीलगायत केही वस्तु ठूलो परिमाणमा उत्पादन गर्छ । उसले आफूलाई पुग्ने मात्र होइन, सम्पूर्ण युरोपलाई नै पुग्ने गरी ती वस्तु उत्पादन गर्छ । यसैकारण ऊ आर्थिक रूपमा धेरै अघि बढीसकेको नकार्न सकिन्न । यस किसिमको अभ्यास अब नेपालले पनि गर्नुपर्छ । यसो भयो भने हामीले देखेको विकास टाढा छैन/छँदै छैन ।

अर्को कुरा, नेपालका तनहुँ, लमजुङ, गोरखा, कास्की, स्याङ्जा, गुल्मी, पाल्पालगायत जिल्लामा पछिल्लो समय 'होमस्टे' फस्टाएको छ । यसलाई अझ व्यापक बनाउनुपर्छ । होमस्टेलाई व्यापक बनाउन सर्वप्रथम त्यहाँका मानिसलाई सचेत गराउनुपर्छ । गाउँगाउँ गएर त्यहाँका मानिसलाई भन्न सक्छौं, 'घर सफा राख्नुहोस् । शौचालय राम्रो बनाउनुहोस्, भान्छा कोठा राम्रो बनाउनुहोस्, पाहुना आए भने उनीहरूलाई राम्रो किसिमले सुत्न दिनुहोस्, पर्यटकको स्वागत सत्कारमा कमी नगर्नुहोस् ।'

हामीले यति मात्रै गर्न सक्ने हो भने पनि गरिबीको दर स्वतः घट्दै जानेछ । यसबाट पूरै गाउँ नै विकसित हुन्छ र गाउँबासी आर्थिक रूपमा सम्पन्न हुन्छन् । उदाहरणका रूपमा कुनै गाउँमा ५० जना पर्यटक जान्छन् । तिनलाई एउटै घरले व्यवस्थापन गर्न सक्दैन । १० घरले मिलेर उनीहरूलाई सत्कार गर्न सक्छन् । छुट्टाछुट्टै अथवा समूहमै मिलेर खाना खुवाउलान् । यसले कम्तीमा पनि १० परिवारले आर्थिक लाभ लिन सक्छन् । यसले एकैपटक समुदायलाई नै सशक्त बनाउँछ । त्यसैले, यस्ता कार्यक्रमतर्फ सरकारले अब जोड दिनुपर्छ । नेपालमा उच्च हिमाली क्षेत्रमा पनि पर्यटनको सम्भावना छ । पर्यटनको विकासमा 'होमस्टे' ले सकारात्मक प्रभाव पारेको छ । त्यहाँ लगेर कुनै एउटा होटेल सञ्चालन गर्ने हो भने होटेल मालिकले मात्र मुनाफा आर्जन गर्छ । यद्यपि, त्यहाँ केही मानिसले रोजगारी पाउलान् । तर धेरै ठूलो उपलब्धि हुँदैन । गरिबहरू गरिब नै रहन्छन् । तर त्यस्ता क्षेत्रमा होमस्टेको अवधारणा ल्याउने हो भने ठूलो संख्यामा सर्वसाधारणले त्यसबाट लाभ लिन सक्छन् ।

गरिबी निवारणको क्षेत्रमा मात्र गरिबी निवारण कोष, युवा स्वरोजगार कोषले अहिलेसम्म अर्बौं रुपैयाँका योजना अघि सारेका छन्, तर त्यसले अहिलेसम्म देखिने गरी उपलब्धि हासिल हुन सकेको छैन । नेपालमा १५ भन्दा बढी मन्त्रालयका योजना गरिबलक्षित हुँदा रहेछन् । तिनीहरूले सञ्चालन गर्ने कार्यक्रमलाई एउटै छाताभित्र समेट्न सकेको खण्डमा पनि ती योजनाले मूर्तरूप लिन सक्छन् ।

एकद्वार प्रणालीमार्फत गरिबलक्षित विभिन्न योजना अघि सार्न सकेको खण्डमा त्यसले दिने प्रतिफल उत्कृष्ट हुन्छ नै । त्यति मात्र नभएर नेपालमा शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा पनि आमूल परिवर्तन आवश्यक छ । गाउँगाउँमा चेतनाको लहर ल्याएर वास्तविक गरिबसमक्ष शिक्षाको पहुँच पुर्‍याउन सकेमा समान किसिमको विकास अघि बढाउन सजिलो हुन्छ । आखिर त्यो सम्भव पनि छ । त्यसैले यी विषयमा हामीले अब नयाँ सोचका साथ काम गर्नु आवश्यक छ ।

आखिर हामीले कहिलेसम्म योजना मात्र बनाइरहने र आत्मरतिमा मात्र रमाइरहने ? आधार तहबाटै गरिबीको पहिचान गरी गरिब किसानलाई लाभ मिल्ने किसिमका योजना सञ्चालनमा नल्याउँदासम्म नेपालको विकास एवम् समृद्धिको सपना 'सपना' मै सीमित हुनेछ । ●

*पौडेल गरिबी निवारण कोषका पूर्व उपाध्यक्ष हुन् ।*

*अन्नपूर्ण पोष्ट, कात्तिक ९, २०७४*

# आत्मनिर्भर केन्द्रको दशौँ सामाजिक लेखाजोखा

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको दशौँ सामाजिक लेखाजोखा २३ असोज, २०७४ मा भयो ।

सामाजिक लेखाजोखामा अगुवाहरूले के भने ?

### आशा थापा, महोत्तरी



एकजुट भएपछि शक्ति बढेको छ । सुरक्षित महसुस गरेका छौँ । भूमि अधिकार मञ्चले हामीलाई अन्यायको विरोध गर्न सिकाएको छ । सङ्घर्ष गरेर जीउन सिकाएको छ ।

### बालकुमारी परियार, ओखलढुङ्गा



मेरो सम्पत्ति २ रोपनी पाखो जग्गामात्र । जीविका चलाउन कठिन थियो । ५ लाखभन्दा बढी ऋण थियो । भूमि अधिकार मञ्चमा सङ्गठित भएपछि मैले कृषि तालिम लिने अवसर पाएँ । थोरै जग्गाबाट धेरै उत्पादन लिने तरिका सिकेँ । र भएको थोरै जग्गा उपयोग गर्न थालेँ ।

मसँग भएको जग्गाको माटो रुखो थियो । मलिलो माटो खोजेर त्यसमा भरेँ । खेती गर्न लायक बनाएँ । खेर जाने पानी सङ्कलन गरेर अकबरे खुर्सानी लगाएँ । सिजनअनुसार अरु तरकारी पनि लगाउँछु । नर्सरी पनि बनाएँ । अहिले मेरो रुखो जग्गामा हरियाली छ । वार्षिक डेढ लाख रुपियाँ आम्दानी हुन्छ ।

### राजलाल सदा, सिरहा



इन्टर पास गरी ब्याचलर पढ्न थालेपछि खर्च अभाव हुँदै गयो । साहू/महाजनबाट ऋण लिएर पढेको । आम्दानीको स्रोत थिएन । ऋण तिर्न दबाब दिन थालेपछि पढाइ छाडेँ । ब्याचलर तेस्रो वर्षको परीक्षा दिन सकिन । त्यसपछि आम्दानी बढाउने अठोट गरी तरकारी खेती गर्न थालेँ । यसका लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सहयोग गर्‍यो । एक वर्षमै प्रत्येक परिवारले २५ हजार रुपियाँभन्दा बढी आम्दानी लियौँ । हामी २३ परिवार तरकारी खेती गरिरहेका छौँ । अहिले मैले एक हजार रुपियाँमा ब्याङ्कमा खाता खोलेको छु । पुनः ब्याचलर भर्ना भई परीक्षा दिएको छु ।

### सुपिन गोले, दोलखा

दोलखा मेलुङ गाउँपालिका वार्ड नं. ४ (साविकको भेट्पु गाविस) पुरानो बस्ती हो । भूकम्पले सबैका घर भत्किए । पहिलो चरणमै १ हजार ३ सय १३ जनाको नाम लाभग्राही सूचीमा आयो । तर त्यहाँको जग्गा भीमेश्वर गुठीको भएकाले अनुदान सम्झौता हुन सकेन ।



हामीले अनुदानका लागि मात्र लालपुर्जा खोजेको होइन । पहिला पनि मन्त्रालय, गुठी संस्थानमा धेरै पटक धायौँ । तर सफल हुन सकेनौँ । यसटक घर बनाउन पनि नपाउने अवस्थामा पुगेका थियौँ । त्यहीबेला भूमि अधिकार मञ्चमा जोडिने अवसर मिल्यो । २०७३ भदौ २ गते जिल्ला भूमि अधिकार मञ्च गठन गरी अधिकारका लागि सङ्घर्ष थाल्यौँ । यस सङ्घर्षबाट हामी सकारात्मक परिणाम पाइरहेका छौँ । वडा कार्यालयको सिफारिस, भोगचलन खुल्ने प्रमाण र सर्जमिनका आधारमा १ हजार ४ सय ४३ जनाको अनुदान सम्झौता भएको छ ।

**राजेन्द्र शर्मा, सुर्खेत**



भूमि समस्याले सिर्जना गरेका गरिबी, अन्याय भोग्न बाध्य भएका परिवारलाई अधिकार दिलाउन हामी सङ्घर्ष गरिरहेका छौँ । जो भूमि समस्यामा छन्, उनीहरू नै राज्यले प्रदान गर्ने सेवा/सुविधाबाट पनि वञ्चित छन् । सुर्खेतमा बेलाबेला राज्यका निकायबाटै गरिब, भूमिहीन र सुकुमबासीमाथि विभिन्न ज्यादती गर्ने, उठिबास गराउने घटना भइरहन्छन् । २०२८ सालमा बसेका वीरेन्द्रनगर-४ का १४ परिवारलाई नगरपालिकाले हटाउन खोज्दा सङ्गठितरूपमा आवाज उठाएर बस्ती जोगाउन सफल भएका छौँ । त्यसैले भूमि अधिकार मञ्च गरिबहरूको साथी बन्दै आएको छ । भूमि अधिकार मञ्च हुँदैनथ्यो भने धेरै परिवारको विचल्ली भइसक्थ्यो ।

**पातली थामी, सिन्धुपाल्चोक**

२०६८ देखि भूमि अधिकार अभियानमा जोडिएँ । आर्थिक समस्याले कमाई गर्न विदेश जानुपर्‍यो । ४ वर्ष विदेशमा बसेर



फर्केपछि पुनः भूमि अधिकार अभियानमा सक्रिय छु । यो अभियानले सम्बन्ध, क्षमता विकासमा सहयोग पुगेको छ । गाउँमा बस्ने किसानहरू राष्ट्रिय तहका कार्यक्रममा अनुभव, धारणा राख्न सक्ने भएका छन् । मैले मालपोत कार्यालयसँग समन्वय गरी ३४५ परिवारको गुठी जग्गा दर्ता गर्न सहजीकरण गरिरहेकी छु । मैले आफू जिल्ला भूमि अधिकार मञ्चको अध्यक्ष रहेकै अवस्थामा गुठी, मोही, सुकुम्बासी समस्या समाधान गर्ने र महिला किसानलाई जग्गामा हक दिलाउन प्रयासरत रहने अठोट लिएकी छु । ●

# अतिथिहरूले के भने ?

**सञ्जयकुमार मल्लिक**
**उपनिर्देशक, समाज कल्याण परिषद्**



भूमि अधिकारको क्षेत्रमा क्रियाशील संस्था सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको काम महत्वपूर्ण छ । यसले समुदायका समस्या सरकारसम्म पुर्‍याउने र त्यसका लागि बन्ने नीति/योजनाका लागि वकालत गरिरहेको छ । यस्तो कामलाई सरकारले पनि महत्व दिइरहेको छ । जुन जिल्लामा कार्यक्रम गर्नुभएको छ, त्यहाँ पनि फारदर्शिता र जवाफदेहितामा जोड दिनुहोला । कार्यक्रम र प्रशासनिक खर्चको अनुपात ८० र २० प्रतिशत हुन्छ । त्यसलाई पनि विचार गरौँ भन्दै भूमि अधिकार मञ्चका संस्थापक अध्यक्ष बलदेव रामलाई सम्झन चाहन्छु ।

## ल्यामबहादुर दर्जी
**अध्यक्ष, राष्ट्रिय भूमि अधिकार मञ्च**



आत्मनिर्भर केन्द्रले आवश्यकताअनुसार सघाइरहेको छ। मञ्चले नेतृत्व गरिरहेको छ। आत्मनिर्भर केन्द्रको सहजीकरणमा राष्ट्रिय मञ्चले यसै वर्ष विश्व ग्रामीण विकास मञ्चको सदस्यता पाएको छ।

हामीलाई आशा छ, अभियान सफल हुन्छ। संविधानले भूमि व्यवस्थापनका लागि बाटो खोलेको छ। यसबाट मोही, भूकम्पपीडितलाई केही भए पनि राहत पुगेको छ। यो आन्दोलनराज्य र किसान सबैको हितमा भएकाले पनि सफलता पाउने विश्वास छ।


## नहकुल थापा
**सामुदायिक पुनर्निर्माण कार्यक्रम प्रमुख, एक्सन एड नेपाल**



दशौँ वार्षिक सामाजिक लेखाजोखा गर्न सफल भएकामा बधाई तथा शुभकामना। एक्सनएडले पनि तीन महिनापहिले यही हलमा सामाजिक लेखापरीक्षण गरेको थियो। बहिष्करणमा परेको समुदायको अधिकार प्राप्तिका लागि आत्मनिर्भर केन्द्र र एक्सनएडले साझेदारी गर्दै आइरहेका छन्। यसर्थ पनि हामी साझेदार संस्थाले यति राम्रो काम गरेकामा खुसी छौँ।

सामाजिक लेखापरीक्षण केवल एक दिनको काममात्र होइन। यो लामो र निरन्तरको यात्रा हो। वर्षभर गरेको कामको सिकाइ, अनुभव, एक्सन रिफ्लेक्सन सार्वजनिक गर्न हामी समुदाय तहमा पनि सामाजिक लेखाजोखा गर्छौँ। यस प्रक्रियाबाट हिसावमात्र हेरिएको पनि छैन। संस्थाको काम गर्ने तौरतरिकामा समुदाय र सरोकारवालाको अनुगमन भइरहेको हुन्छ। बहिष्करणमा परेका समुदायको उन्नतिका लागि यो संस्था सधैँ अगाडि बढोस्।

## ध्रुव शर्मा
**कार्यकारी सदस्य, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**



आत्मनिर्भर केन्द्रले २५ वर्षदेखि भूमिको सवालमा काम गरिरहेको छ। त्यसमा सफल पनि भइरहेको छ। यो कुरा प्रतिवेदनले मात्र हैन, २५ वर्षे इतिहासले पनि देखाएको छ। सामाजिक लेखाजोखा सबैले गर्दैनन्। जसले गर्दा गैरसरकारी संस्थाप्रति जिम्मेवार नभएको, पारदर्शी नभएको जस्ता आरोप लाग्दै आएका छन्। सामाजिक लेखाजोखाले समुदायप्रतिको उत्तरदायित्व र जवाफदेहिता प्रमाणित गरिरहेको छ।

पुनर्निर्माण प्राधिकरणमा मैले जग्गा व्यवस्थापन, जग्गासम्बन्धी मुद्दा र नीतिहरूका क्षेत्रमा काम हेरिरहेकोछु। हामीले यस्ता मुद्दा समाधानका लागि धेरै प्रक्रिया अघि बढाएका छौँ। सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले पनि पुनर्निर्माण प्राधिकरणसँग समन्वय गरी काम गरिरहेको छ। २०७२ को भूकम्पबाट ७ लाख ५० हजार लाभग्राही पहिचान भएका छन्। तीमध्ये केही अझै छुटेका छन्। केही छुट्नुको कारण जग्गा नभएको, जोखिम क्षेत्रमा भएको कारण पनि हो। हामीले आत्मनिर्भर केन्द्रको सहकार्यमा नीति निर्माण र संशोधनसमेत गरी व्यावहारिक बन्न खोजेका छौँ। नीति कार्यान्वयन हुने क्रममा छन्।

## मोहना अन्सारी
**सदस्य, राष्ट्रिय मानव अधिकार आयोग**

दशौँ वर्षदेखि निरन्तर सामाजिक लेखाजोखा गर्दै आउनुभएको छ। यसका लागि बधाई दिन चाहन्छु। गैरसरकारी संस्थाहरूले थुप्रै पैसा ल्याउँछन् तर कहाँ खर्च गर्छन् ? केमा खर्च गर्छन् ? भन्ने प्रश्न उठिरहेको अवस्थामा आफूलाई पारदर्शी र जवाफदेही बनाउन यहाँहरूको प्रयास सराहनीय छ। सङ्घर्षशील अगुवाको कुरा सुन्दा खुसी लाग्यो। उहाँहरूका

भोगाइ मूल्यवान छन् । तपाईँहरू आफू र अरुलाई परिवर्तन गर्न लाग्नुभएको छ । यसको सराहना गर्छु । नेपाल सरकारले पनि यस योगदानको सम्मान गर्नुपर्छ । तपाईँहरू सबै परिवर्तनको मालामा सिउरिँदै गएकामा बधाई दिन चाहन्छु ।



संविधानले हरेक नागरिकलाई न्युनतम् आधारभूत अधिकार खोज्ने बाटो खुला गरेको छ । त्यसमध्ये छाना पनि एक हो । यी अधिकार प्राप्तिका लागि अझ बढी सङ्घर्ष गर्नुपर्छ । आज समस्याका रूपमा जे कुरा उठाउनुभयो, अर्को वर्ष त्यसमा उपलब्धि भइसकेको सुन्न पाइयोस् ।

भूमि समस्या समाधानमा केही प्राविधिक कुरा छन् जो सजिला छैनन् । त्यसकारण पनि भूमि व्यवस्थापनको सवालमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहजीकरण आवश्यक छ । सरकारले धेरै कुरामा निर्णय गर्छ । कार्यान्वयन पनि गर्छ । तर भूमिको सन्दर्भमा भने न निर्णय सजिलै हुन्छ न कार्यान्वयन । अदालतका फैसलासमेत कार्यान्वयन हुँदैनन् । अरु फैसलामा सरकार जति सक्रिय छ भूमिको सवालमा त्यति सक्रिय छैन । यो कुरा आयोगको अध्ययनले देखाएको हो ।

## डा. सुरेश ढकाल
**अध्यक्ष, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

यो कार्यक्रम एकअर्थमा हेर्दा पारदर्शिता र जवाफदेहिताको प्रमाण देखाउने फोरम पनि हो । यस्ता कार्यक्रम जिल्ला भूमि अधिकार मञ्चसम्म हुने गरेका छन् । हामी सुशासन, पारदर्शिता र लोकतन्त्रप्रति प्रतिबद्ध छौँ भन्ने प्रमाण पनि हो यो । गैरसरकारी संस्थालाई जे आरोप लाग्छन्, ती सबै बेठीक होइनन् तर हामी सचेतपूर्वक अगाडि बढिरहेका छौँ भन्नका लागि आवश्यक हुन्छ- सामाजिक लेखाजोखा । जो आफैँ पारदर्शी छैन र आफू ठीक छु भन्ने प्रमाण पेश गर्न सक्दैन, त्यसको कुरा सरकारले किन सुन्ने ? भन्ने प्रश्नको ठीक उत्तर पनि सामाजिक लेखाजोखा हो ।



भूमि अधिकार आन्दोलन, अधिकारबाट वञ्चितहरूकै अगुवाइमा भइरहेको छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सहजीकरण गरिरहेको छ । संस्थाको काम नीति निर्माणका लागि दबाब दिने । यसका लागि प्रमाणमा आधारित वकालत आवश्यक छ । गाउँ तहदेखि केन्द्रसम्म योगदान गर्ने साथीहरूको सकारात्मक प्रयासले यो उपलब्धि प्राप्त गर्न सकेका हौँ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्र भूमि अधिकार आन्दोलनको भूमिकाबाट बाहिर जाला कि भन्ने चिन्ता व्यक्त भएका छन् जुन जायज छन् । नागरिक अधिकारको ग्यारेन्टी गर्ने पहिलो आधार जग्गा भएकाले यो पहिचानको सवाल हो । हामी यसबाट विचलित नहुने कुरामा सचेत छौँ ।

सामाजिक लेखाजोखा दाताहरूलाई खुसी पार्न, अरुभन्दा आफूलाई फरक देखाउन गरिएको हैन । हाम्रो कार्यपद्धतिलाई बलियो बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यले गरिएको छ । यो लोकतान्त्रिक प्रक्रियाको अवलम्बन पनि हो । नागरिकतासहितको अधिकार । आर्थिक सवलीकरण । लैङ्गिक न्याय र अधिकार दाबी गर्न सक्ने सक्षम सङ्गठन निर्माण नै हाम्रो अपेक्षा हो । यसले सङ्घीयता र लोकतान्त्रिक मान्यतालाई स्थापित गर्छ । भुइयाँमा भएका कुरा व्यक्तिको कथामात्र होइन । उनीहरूका कथाबाट समाज पढ्ने हो । भूमिहीन पीडा महसुस गर्ने हो । नेपालको इतिहास, जनताको इतिहास, साँचो इतिहास लेख्न प्रयास हो । सङ्घीय संरचनाअनुसार आफ्नो पुनर्संरचना गर्ने प्रक्रियामा पनि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र अगाडि बढिरहेको छ । ●



सामुदायिक आत्मनिर्भर केन्द्रको १०औं वार्षिक सामाजिक लेखाजोखाको अवसरमा आफ्नो प्रस्तुति राख्दै एक सहभागी ।

# पुनर्निर्माण अभियानसम्बन्धी तालिम



'सुरक्षित जमिन, बलियो घर, एकीकृत बस्ती समृद्ध सहर' भन्ने मूल सन्देशका साथ २४ देखि २८ साउन, २०७४ मा धुलिखेल तालिमकेन्द्रमा 'समावेशी पुनर्निर्माण अभियान सहजीकरण तालिम' सम्पन्न भयो । जसमा सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, काभ्रे, गोरखा, दोलखा, सिन्धुली, मकवानपुर, ओखलढुङ्गा, रामेछाप र ललितपुरबाट २३ जना अगुवाको सहभागिता थियो ।

५ दिनसम्म सञ्चालन भएको तालिममा पुनर्निर्माण र सामाजिक परिचालनको अवस्था नक्साङ्कन गरी त्यसको सवाल, अवसर पहिचान गरिएको थियो । तालिममा आमन्त्रण गरिएका अतिथि सहजकर्ता राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी सदस्य डा. विष्णु भण्डारीले घर निर्माणपछि समस्या समाधान नभई समस्या सुरुवात हुने भएकाले भूकम्प प्रभावितको जीविकोपार्जन समेत विचार गरी भूमि उपलब्ध गराउनुपर्ने धारणा राख्नुभएको थियो ।

स्थानीय तहको शासन व्यवस्थासम्बन्धी विज्ञ कृष्णप्रसाद सापकोटाले संविधानमा उल्लिखित २२ वटा सूची कार्यान्वयन गर्न स्थानीय तहले कसैको आदेश पर्खिनु नपर्ने र नीति बनाउने, कार्यान्वयन गर्ने तथा त्यो ठीक भए/नभएको हेर्ने न्यायिक अधिकारसमेत स्थानीय तहलाई भएकाले गाउँ/नगरपालिकाले पुनर्निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने बताए ।

धुलिखेल नगरपालिका प्रमुख अशोककुमार ब्यान्जुले हरेक वर्ष २० जना सुकुमबासीलाई जग्गा उपलब्ध गराउने योजना नगरपालिकाको रहेको बताए ।

स्थानीय तहको नेतृत्वमा समावेशी पुनर्निर्माण अभियान सञ्चालनका लागि सहयोग र दबाब सिर्जना गर्न गाउँ/नगरपालिका तहमा समावेशी पुनर्निर्माण अभियानबारे अभिमुखीकरण कार्यक्रम गर्ने योजना बनेको छ ।

# भेलहीका ४५७ ले पुर्जा लिए

सर्लाहीको ब्रह्मपुरी गाउँपालिकाको वार्ड नं. ३ भेलहीका ४५७ गाउँ ब्लकबासीले जग्गाधनी पुर्जा प्राप्त गरेका छन् । जग्गाको क्षेत्रफल ६ बिगाह छ ।

पुर्जा वितरण कार्यक्रम जिल्ला भूमि अधिकार मञ्च र नापी कार्यालय सर्लाहीको संयुक्त आयोजनामा २० भदौ २०७४ मा भएको हो । कार्यक्रममा सर्लाहीका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँडेल, भूमि सुधार कार्यालय सर्लाहीका अधिकृत गोपालप्रसाद बराल, गोश्वारा नापी कार्यालयका अधिकृत सीताराम यादव र नापी कार्यालय सर्लाहीका अधिकृत चतुर्धन महतो, गभर्नेन्स फेसिलिटीका प्रमुख क्यारोलिना भन्देनाविला, वरिष्ठ कार्यक्रम अधिकृत श्रद्धा रायमाझी, सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका सल्लाहकार जगत बस्नेत, जिल्ला मञ्च सर्लाहीका अध्यक्ष जीतबहादुर गोले र संयोजक मदन बिकलगायतको उपस्थिति थियो । वर्षौंदेखि बस्दै आएका गाउँब्लकबासी गाउँमै जग्गाधनी पुर्जा पाउँदा उत्साहित भएका थिए ।





## मस्यौदा भूमि नीतिमा सुझाव पेश

भूमि सुधार तथा व्यवस्था मन्त्रालयले तयार पारेको मस्यौदा भूमि नीतिमा भूमि अधिकारबाट वञ्चित, किसान, सरोकारवाला र स्थानीय तहका जनप्रतिनिधिहरूको सुझाव लिने उद्देश्यले समुदाय र प्रदेश तहमा परामर्श गरिएको छ ।

६ समुदाय र ७ प्रदेशमा गरिएको परामर्शमा ५२९ जनाले भाग लिएका थिए । परामर्शबाट आएका सुझाव समेटी प्रतिवेदन तयार पारेर ९ भदौं २०७४ मा भूमि नीति तर्जुमा निर्देशक समितिका संयोजक कृष्णप्रसाद देवकोटालाई बुझाइएको छ ।

# भूमि सुधार तथा व्यवस्था मन्त्रीसँग अन्तर्क्रिया





जिल्ला भूमि अधिकार मञ्च दाङ र मुक्त कमैया सङ्घर्ष समितिको आयोजनामा गढवा गाउँपालिका वडा नं.५ स्थित भवानी मुक्त कमैया शिविरमा भूमिसुधार तथा व्यवस्था मन्त्री डा. गोपाल दहितसँग अन्तर्क्रिया भएको छ । मुक्त कमैया सङ्घर्ष समितिका अध्यक्ष माधिराम चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा विशिष्ट अतिथि सांसद योगेन्द्र चौधरीले भूमि अधिकारबाट वञ्चितहरू अझ बढी सचेत, सङ्गठित र तथ्यपूर्ण वकालत गर्न सक्षम हुनुपर्ने धारणा राख्नुभयो ।

मन्त्री डा. गोपाल दहितले कमैया, गुठीपीडित र सुकुमबासीको समस्या बुझ्न बस्तीमा नै आएको र विद्यमान कानुनले दिएसम्म काम गर्ने बताउनुभयो । स्वर्गद्वारी गुठीको जग्गाका किसानलाई जग्गाको पुर्जा वितरण गर्ने, मोहीसम्बन्धी समस्या समाधान गर्न उच्चस्तरीय आयोग गठन गर्ने र त्यस आयोगमा पीडित मोही किसानको पनि प्रतिनिधित्व गराउने, जिल्लामा छिटै व्यवस्थित बसोबास आयोग गठन गर्ने, मोही बाँडफाँट निवेदन पेश गर्ने म्याद थप गर्ने योजना रहेको सुनाउनुभयो । यस अवसरमा जिल्ला भूमिअधिकार मञ्च, स्वान संस्था, कमलरी विकास मञ्च, गुठी सङ्घर्षसमिति, मुक्त कमैया समाज र मुक्त कमैया महिला जागरण मञ्चद्वारा मन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाइएको थियो ।

# सरोकारवालासँग सम्वाद

रसुवा जिल्लामा रहेको पुनर्निर्माण र भूमि मुद्दाको विषयमा छिटो समाधान खोज्नका लागि रसुवा जिल्लाबाट सरोकारवाला निकायको सहभागितामा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा पुगी भूमि तथा पुनर्निर्माणमा देखिएका समस्या समाधानका लागि छलफल गरियो । छलफलका क्रममा पुनर्निर्माण प्राधिकरणका कार्यकारी अधिकृत प्रा.डा. गोविन्दराज पोखरेलले रसुवा जिल्लाबाट आएका माग जायज भएको र उठाइएका सवाल समाधान गर्नका लागि यथाशक्य प्रयास गरिने बताउनुभयो ।

भूमि सुधार तथा व्यवस्था मन्त्री डा. गोपाल दहितले आफू पनि अभियानको पृष्ठभूमिबाट आएकाले भूमिसम्बन्धी धेरै मुद्दाबारे जानकार रहेकाले आफ्नो कार्यकालमा धेरै विषय समाधान गरिने बताउनुभयो । उहाँले भन्नुभयो- हाल हामीले मन्त्रालयमार्फत तीनवटा ऐन निर्माण गरी पारित गर्नका लागि मन्त्रिपरिषद्मा लाने तयारी गरेका छौँ, यो मन्त्रिपरिषद्बाट पारित भयो भने भूमिसम्बन्धी अधिकांश समस्या समाधान हुनेछ ।





डेलिगेसन छलफलमा रसुवा जिल्लाबाट सांसद जनार्दन ढकाल, नवनिर्वाचित जिल्ला समन्वय समितिका प्रमुख कुलप्रसाद भट्ट, उत्तरगया गाउँपालिका अध्यक्ष उपेन्द्र लम्साल, कालिका गाउँपालिकाकी अध्यक्ष सीताकुमारी पौडेल अधिकारी, उपाध्यक्ष भवानीप्रसाद न्यौपाने, वडा अध्यक्षहरू, जिल्लाका राजनीतिक दलका प्रतिनिधि, जिल्ला भूमि अधिकार मञ्चका प्रतिनिधि, सामुदायिक आत्मनिर्भर केन्द्रका प्रतिनिधि, पत्रकार महासङ्घका प्रतिनिधि र विस्थापित परिवारका अगुवा सहभागी थिए ।

# घर बनाउन अनुदान सम्झौता

भूकम्पपछि आफ्नो थातथलो छोडी रसुवा सदरमुकाम धुन्चे क्षेत्रमा आइ विस्थापित बस्तीमा बसोबास गरिरहेका २९३ परिवार हाकुबासीले अनुदान सम्झौता गरेका छन् । उनीहरूको उचित पुनर्वासका लागि विभिन्न चरणमा छलफल, अन्तर्क्रिया र लबिङ गरिएको थियो ।

हाकुबासी सबैको आफ्नो नाममा लालपुर्जा छैन । उनीहरू गुठी जग्गामा बसोबास र जोतभोग गर्दै आइरहेका छन् । उनीहरूको सम्झौता गराउनका लागि संशोधित अनुदान सम्झौता कार्यविधिअनुसार छलफल गरी वडा सर्जमीन मुचुल्काको फर्मेटहरू तयारी गरी वडा कार्यालयमा पेश गर्न जिल्ला मञ्च रसुवा र आत्मनिर्भर केन्द्रको टिमले सहयोग गरेको थियो ।



# भूमि अधिकार अभियान सहजीकरण तालिम




मोरङको लेटाङमा भूमि अधिकार अभियान सहजीकरण तालिम भएको छ । ६-८ भदौ, २०७४ सम्म सञ्चालित उक्त तालिममा लुथरन सामुदायिक कल्याण समाजका कर्मचारी, सन्थाल र मुसहर समुदायका अगुवा, नेपाल ऋषिवंशी कल्याण सङ्घ र नेपाल सन्थाल आदिवासी सङ्घका प्रतिनिधि १० महिलासहित २६ जनाको सहभागिता थियो ।

तालिमका सहभागीले मोही बाँडफाँट नभएको, सार्वजनिक क्षेत्रमा बसोबास, डुबान/कटान, ऐलानी जग्गामा बसोबास भएको र अरुको जमिनमा बास बसिरहेका मुख्य सवाल पहिचान र विश्लेषण गरी त्यसको अभियान कार्ययोजनासमेत तयार गरेका थिए ।

## सरोकारवालासँग सम्वाद



जिल्ला भूमिअधिकार मञ्च दाङको आयोजनामा 'मोही हक लिन अग्रसर होउँ, रुपियाँ हैन जग्गा लिउँ' भन्ने नारा दिएर मोही हक बाँडफाँट प्रक्रियामा सरोकारवालाको भूमिका विषयक अन्तर्किया कार्यक्रम भाद्र १५ गते पत्रकार महासङ्घको हलमा भयो । मोही किसानले आफूहरूले मोही हक लिन स्थानीय तहबाट सिफारिस दिन नमान्ने, आवश्यक कागजात जुटाउन नै धेरै समय लाग्ने, भूमि सुधार अधिकारी नहुँदाँ नामसारी पनि नहुनुले बाँडफाँटको निवेदन दिन अप्ठ्यारो भएको बताएका थिए ।साथै जोतभोग गर्नबाट वञ्चित गरेका व्यक्तिलाई सिफारिस दिन नमान्ने समस्या पनि ठूलै भएको बताएकाथिए । मोही किसानले मोही बाँडफाँटका लागि दिएको समय नपुग भएकाले धेरै मोही किसानले अझै निवेदन नसकेको बताउँदै यसको म्याद थप गर्न सरोकारवाला निकायसँग अनुरोध गरेका थिए ।

अन्तर्क्रिया कार्यक्रममा भूमि सुधार कार्यालयका अधिकृत नारायण पोखरेल, नेकपा एमालेका शरद अधिकारी, नेकपा माओवादी केन्द्रकी नारायणी शर्मा, राष्ट्रिय जनमोर्चाका रेशम बिसी र नेपाल लोकतान्त्रिक फोरमका तेजबहादुर चौधरीले मोही किसानलाई सहयोग गर्ने बताएका छन् ।





## बाढीपीडितलाई सहयोग

तराईमा बाढीका कारण डुवान भई विस्थापित बनेका गाउँ भूमि अधिकार मञ्चका सदस्यलाई तत्काल सकेको सहयोग उपलब्ध गराइयो । राहत सहयोग स्वयम् जिल्लाको गाउँ भूमि अधिकार मञ्चका सदस्यका तर्फबाट मानो मुठी सङ्कलन गरी १५ क्विन्टल खाद्यान्न जुटाइएको थियो । त्यसैगरी वर्ल्ड जिविस रिलिफबाट ४ लाख रुपियाँ र आत्मनिर्भर केन्द्रका कर्मचारीबाट १४९,८२५ रुपियाँ सहयोग सङ्कलन भएको थियो ।

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा उत्तीर्ण

किउल, इचोक, महाङ्काल र तालामाराङबाट बेमौसमी तरकारी उत्पादक समूहअन्तर्गत ५० दिने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम लिएका व्यक्तिहरूको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सिप परीक्षण गर्दा २५ जना सहभागीमध्ये २४ जना उत्तीर्ण भएका छन् ।

यसरी उत्तीर्ण सहभागीले परिषद्बाट सिप परिचय र प्रमाणपत्र प्राप्त गरेका छन् ।

## संयुक्त पुर्जा बनाउने थपिए

भूमि अधिकार मञ्चको सहजीकरणमा भइरहेको संयुक्त पुर्जा निर्माण अभियानमा सहभागी भई भदौ र असोज महिनामा १३२ जोडी किसानले संयुक्त पुर्जा निर्माण गरेका छन् । उनीहरूले ५०.०४ हेक्टर जमिनमा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला र पुरुषको संयुक्त स्वामित्व कायम गराएका छन् । यस अवधिमा ओखलढुङ्गामा ४३, सिन्धुपाल्चोकमा ३६, दाङमा २६, बर्दियामा ६, सिराहामा ५, महोत्तरीमा ७, सर्लाही १,रौतहट ४ र बाँकेमा ४ जोडीले संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला र पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् ।



# नगरले बनायो कृषि रणनीति

ताप्लेजङ- सदरमुकाम फुङलिङ नगरपालिकालाई पाँच वर्षभित्र कृषि क्षेत्रमा आत्मनिर्भर बनाउने उद्देश्यसाथ पञ्चवर्षीय कृषि रणनीतिको मस्यौदा तयार पारिएको छ । नगरपालिकामा निर्वाचित जनप्रतिनिधि, वडा सचिव, सामाजिक परिचालक र अगुवा कृषकको सहभागितामा मस्यौदा बनाइएको हो ।

नगरपालिकाका अनुसार दिगो कृषि विकासको माध्यमबाट रोजगारी सिर्जना गर्दै प्रतिस्पर्धी, पर्यटनमुखी, आत्मनिर्भर, समावेशी र समृद्ध नगर बनाउने दीर्घकालीन सोच राखिएको छ । कृषिलाई नाफामूलक र व्यावसायिक बनाउन निश्चित बालीको प्लट बनाउने, त्यसमा किसानलाई दक्ष बनाउने र बजार पहिचान गरी त्यहाँसम्म पुऱ्याउने वातावरण मिलाइनेछ ।

टोलका कृषकलाई दक्ष बनाउन कृषक पाठशाला व्यवस्थित ढङ्गले सञ्चालन गर्ने उल्लेख छ । नगरपालिकाका उपप्रमुख बमबहादुर भट्टराई (तारा) ले यसका लागि जवाफदेही, सहभागिता र पारदर्शिताको नीति अवलम्बन गर्ने र कृषि विकासका लागि सुशासनमा सुधार गर्ने दाबी गरे ।

स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

### ढ. जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण

(१) स्थानीय जग्गाको नापनक्सा कित्ताकाट, हालसाबिक, रजिस्ट्रेसन नामसारी तथा दाखेल खारेजी

(२) जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन

(३) भूमिको वर्गीकरणअनुसारको लगत

(४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरण समन्वय तथा सहजीकरण

(५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यक्रममा समन्वय र सहजीकरण

(६) जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरणसम्बन्धी अन्य कार्य

### झ. सुकुम्बासी व्यवस्थापन

(१) सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन

(२) सुकुम्बासीसम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन

### भूमि व्यवस्थापन

(१) सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रहीस्थानीयस्तरको भू-उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन

(२) सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रहीव्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत ब्स्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास रव्यवस्थापन

(३) स्थानीयस्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन

# जग्गाधनी बने गोरे



**गोरे विश्वकर्मा**
दुवाचौर, सिन्धुपाल्चोक

गोरे विश्वकर्मा २०२७ सालदेखि दुवाचौरमा बस्दै आएका छन् । उनको आफ्नो जग्गा थिएन। २०५१ सालमा दुवाचौर गाविस-३ मा रहेको जग्गा भोग गर्ने गरी सुकुमबासी आयोगबाट लालपुर्जा पाएपनि जग्गा जोतभोग गर्न गाउँलेले दिएनन् ।



पुर्जा भएको जग्गा जोतभोग गर्न नपाए पनि लामो मेहनतपछि कमाइरहेको मोही लागेको जग्गामा भने मोहियानी हक लिन सफल भएका छन् ।जिल्ला भूमि अधिकार मञ्चको सहजीकरणमा जग्गाधनी नवराज गिरीले कमाइरहेकोमध्ये आधा (डेढ रोपनी) जग्गा गोरे (उनका भाइसहित) लाईदिएका छन् । सोही पुर्जाका आधारमा उनले घर बनाउन भूकम्पपीडितले पाउने राहतस्वरूप ५० हजार रुपियाँसमेत पाएका छन् ।

# मेहनती बन्दैछन् प्रेमनाथ

आत्मनिर्भर केन्द्र रसुवाको सहयोगमा गोलभेँडा खेती व्यवसायमा सङ्लग्न भएका रसुवा कालिका गाउँपालिका-३ बेतिनीका ६० वर्षीय प्रेमनाथ अगस्ती गोलभेँडा खेतीबाट फाइदा लिन मेहनतपूर्वक खटिरहेका छन् ।

उनले दुईवटा टनेल निर्माण गरी २ वर्ष अघिदेखि गोलभेँडा खेती सुरु गरेका हुन् । अघिल्लो वर्ष उनले ३१२ केजी गोलभेँडा उत्पादन गरी सरदर ४५ रुपियाँ केजीमा बिक्री गरी १४ हजार ५ सय रुपियाँ आम्दानी लिएका थिए । यस वर्ष पनि उनले नियमित गोलभेँडा खेती गरी ६ सय केजी बिक्री गरिसकेका छन् । उनी भन्छन्- अघिल्लो वर्षदेखि यस वर्षसम्म मैले ४० हजार रुपियाँ बराबरको आम्दानी लिइसकेँ । यसरी आएको कमाइ १५ हजार रुपियाँ गाउँकै सहकारीमा बचत पनि गरिसकेको छु। यो खेतीले मेरो घर खर्च टार्न पनि ठूलो मद्दत पुगेको छ ।



उनी बिर्तापीडित किसान हुन् । उनको आफ्नो जोतभोग गर्दै आएको सबै जग्गा जमिन र घरसमेत बिर्ता जमिनमा पर्छ । उनी त्यही बिर्ता जग्गाको स्वामित्व लिनका लागि भूमि अधिकार मञ्चको अभियानमा पनि सङ्गठित छन् ।


नरेन्द्र श्रेष्ठ

# बग्दै–बग्दै जाने छोरासँग

● विवश पोखरेल

ढुङ्गो बनाएर एउटी आमाको मुटु
पानीमा बगाइदिएकी छु
मेरो खुसी र मेरो प्राण र मेरो सपना
जानू, बग्दै बग्दै जानू
जहाँ माटो भेटिन्छ, त्यहीँ टक्क अडिनू
रसमाधिस्थ हुनू
जीवनभरि माटोसँगै खेले पनि, माटोमै हुर्किए पनि
हामीसँग आफ्नो भन्ने
माटो नै कहाँ थियो र तँलाई गाड्नू ?
तैँले नाङ्गैभुतुङ्गै खेल्ने ऐलानी आँगन
सरकारको थियो
तेरो बाबुले बर्खामा जोतेर
हिउँदमा धानको सिला खोज्ने गरेको खेत
मालिकको थियो
हामीसँग माटो त त्यतिमात्र थियो
जुन श्रमको पसिनासँगै
हाम्रा आङमा टाँस्सिएर आएका थिए
आज बाढी बनेर आएको आँसुका भेलमा
ती माटोलाई पनि खलल्ल पखालेर
अचानोमा राखेर आफ्नो मुटु तँलाई बिदा गर्दैछु

जानू खुसीले जानू
जहाँ माटो भेटिन्छ त्यहीँ टक्क अडिनू
रसमाधिस्थ हुनू ।
अनियन्त्रित छाल भएर आइरहेछन्
तँ जन्मनुअघि र पछिका सम्झनाहरू
तँ जन्मिएको दिन नेपाल बन्द थियो
अस्पताल बन्द थियो
हड्तालमा थिए डाक्टरहरू
एक हप्तादेखि काम नपाएर
सुत्केरी उकास्न नसक्नुको पीडामा
झोक्राइरहेको तेरो बाबु
थचक्क घरछेउको खेतको आलीमा बसेर
क्वाँ-क्वाँ रोइरहेको थियो
र भगवान् भनाउँदो ढुङ्गोसँग
तेरो सुखद आगमन र मेरो सुस्वास्थ्यको
प्रार्थना गरिरहेको थियो
घाम र पानी दुवैले पोल्ने र रूझाउने
घरनामको एउटा सानो टहरोमा तँ जन्मिएको थिइस्
त्यहीँ मालिकको घरको
उब्रिएको जुठो र बासी भात खाएर
उक्सिएकी थिएँ म सुत्केरी
सुत्केरी भएको दिनमात्र एक दिन चिसो कुनामा
एक मुठी सन्ठी र एक मुठा पराल बालेर
सेकाएकी थिएँ आफ्नो चिसिएको आङ
तातो पानीलाई तेल बनाएर दल्दै
तङ्ग्राएकी थिएँ आफ्नो शरीर
तँलाई जीवनको गहिरो नदीमा
डुबुल्की मार्न सिकाउँदा सिकाउँदै
तैरिन सिकाउँदा सिकाउँदै
आफ्ना इन्द्रेनी सपना डुबाएर स्तब्ध छु
खुसी डुबाएर स्तब्ध छु
तँ यो देशमा दुःखै पाउन त आएको थिइस्
दुःखै पाएर गइस्
जानू..., तैँले पानीमा खेलेका कागजका नाउजस्तै
कतै नडुबी बग्दै बग्दै जानू
अदृश्य बग्ने बतास र समयजस्तै सुस्तरी बग्दै-बग्दै जानू
तँलाई बेरेर बगाउन पनि मसँग
यो लाएको झुत्रो साडीबाहेक केही थिएन
जुन साडीको रङ
कुनै राजनीतिक दलको झन्डासँग मिल्दैन
हाम्रा पसिना, आँसु र जीवनसँग मिल्दैन
तथाकथित समानता, आरक्षण र स्वतन्त्रतासँग मिल्दैन
त्यही साडीलाई च्यातेर
तेरो अगाध मायालाई टपक्क निकालेर मुटुबाट
यो धमिलो पानीमा बगाइदिएकी छु
मेरो खुसी र मेरो प्राण र मेरो सपना
जानू, बग्दै बग्दै जानू
जहाँ माटो भेटिन्छ त्यहीँ टक्क अडिनू
रसमाधिस्थ हुनू ।

(कान्तिपुर कोशेलीमा भाद्र १७, २०७४ मा प्रकाशित)

## राष्ट्रिय भूमि अधिकार मञ्च नेपालद्वारा प्रदेशस्तरमा गरिएका भूमिसभा तथा प्रशिक्षण कार्यक्रमका झलकहरू



प्रदेश १




प्रदेश २



प्रदेश ३



प्रदेश ४



प्रदेश ५




प्रदेश ६



प्रदेश ७



प्रदेश ३